का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ चैत २०८१,
बिहीबार
3 April, 2025
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक ६० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# म्यानमारमा नेपालीभाषीको बिचल्ली

## न उद्धार, न त राहत



**निमिष झा/मध्यान्ह**
काठमाडौं, २० चैत ।

गत शुक्रबार म्यानमारमा गएको शक्तिशाली भूकम्पमा परेर थुप्रै नेपालीले ज्यान गुमाएका छन् । भूकम्पमा धेरै नेपालीभाषी घाइते पनि छन् । तर, म्यानमारको सैन्य सरकारले भूकम्पपीडितहरूलाई राहत र उद्धारमा सक्रियता देखाएको छैन ।

एकातिर भूकम्पको त्रास छ भने त्यहाँको सैन्य सरकारले देशका विभिन्न भागमा निरन्तर बम प्रहार गरिरहेको छ ।

शुक्रबार अपरान्ह ७ दशमलव ९ म्याग्निच्युडको भूकम्पपछि त्यहाँ मृतकको संख्या करिब ३ हजार पुगेको छ । म्यान्मारका सरकारी अधिकारीले २ हजार ८८६ को मृत्यु र ४ हजार ६३९ जना घाइते भएका जनाएका छन् ।

अमेरिकी भौगर्भिक सर्वेक्षण निकाय यूएसजीएसका अनुसार १० हजार जनाभन्दा धेरैको ज्यान गएको हुन सक्ने सम्भावना प्रबल छ ।

सगाइङ क्षेत्रमा आएको भूकम्पको धक्का छिमेकी देशहरूमा पनि अनुभव गरिएको थियो । त्यसले म्यान्मारको दोस्रो ठूलो शहर म्यान्डलेका साथै २४१ किलोमिटर पर रहेको राजधानी नेपिडोमा ठूलो क्षति पुगेको छ । उद्धार टोलीहरूले प्रभावित क्षेत्रमा सुरक्षा चिन्ताका कारण उद्धार र राहत पृष्ठ २ मा

### २४ नेपालभाषीको मृत्यु

शक्तिशाली भूकम्पमा परी म्यान्मारमा २४ नेपालीभाषीको मृत्यु भएको छ। यसबाट थ्रुपै घाइते छन् तर घाइतेहरू अहिलेसम्म राहतको पर्खाइमा छन्। सैन्य सरकार भूकम्पपीडितहरूको अवस्थाप्रति गम्भीर नबनेको देखिएको छ ।

गोर्खा संघ म्यान्मारका पूर्वमहासचिव लक्ष्मण न्यौपानेका अनुसार धेरै नेपालीभाषीको बसोबास म्यान्डलेमा छ । करिब १ हजार पृष्ठ २ मा





### उपचारमा नेपाली सेना

भूकम्पपछि नेपाल सरकारले मेडिकल सहायतासहित नेपाली सेनाको २२ सदस्यीय टोली पठाएको छ । टोलीमा भूकम्प प्रभावितका लागि औषधि, उपकरणहरूसहित सर्जन, अर्थोपेडिक, मेडिसिन चिकित्सक, नर्स तथा प्यारामेडिकलहरू छन् ।

प्रमुख सेनानी रामचन्द्र श्रेष्ठको नेतृत्वमा १२ जना चिकित्सकीय टिम, ४ जना बन्दोबस्ती सहायता टिम र ६ जना क्रु मेम्बरसहित कुल २२ पृष्ठ २ मा

# ओली–मोदी भेट शुक्रबार

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २० चैत ।

थाइल्यान्ड भ्रमणमा रहेका प्रधानमन्त्री केपी शर्मा ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच भेटवार्ता निश्चित भएको छ ।

प्रधानमन्त्री ओली छैटौं बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडी प्रयास (बिमस्टेक) शिखर सम्मेलनमा सहभागी हुन थाइल्यान्डको



राजधानी बैंककमा छन् । भारतीय प्रधानमन्त्री मोदी पनि सम्मेलनमा भाग लिन बिहीबार बैंकक पुग्दै छन् । शुक्रबार श्रीलंका जानुअघि मोदीको ओलीसँग भेटवार्ता तय भएको हो । थाइल्यान्डमा रहेका नेपाली अधिकारीहरूले २ देशका प्रधानमन्त्रीहरूबीच भेट हुने पुष्टि गरेका छन् ।

थाइल्यान्डको पहिलो औपचारिक भ्रमण र बिमस्टेक शिखर सम्मेलनमा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री ओली मंगलबार बैंकक प्रस्थान गरेका हुन् । २ देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ६६ वर्षमा नेपाली पृष्ठ २ मा

### थाइल्यान्डसँग सम्झौता



नेपाल र थाइल्यान्डबीच विभिन्न समझदारीपत्रमा हस्ताक्षर भएको छ । थाइल्यान्डको औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री केपी शर्मा ओली र थाइल्यान्डका प्रधानमन्त्री पेटोङ्टान सिनावात्राको पृष्ठ २ मा

# घोषणा नहुँदै मधेशी मोर्चामा विवाद

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २० चैत ।

मधेशका मुद्दामा साझा धारणा तय गर्न मधेश केन्द्रित दलहरूले औपचारिक रूपमा संघीय लोकतान्त्रिक मोर्चा घोषणा गर्ने तयारी गरेका छन् ।

बिहीबार ३ बजे मधेश केन्द्रित ७ दलका अध्यक्षहरूको उपस्थितिमा मोर्चा घोषणा गरिन लागिएको हो ।

नेपाली कांग्रेस र नेकपा एमाले नेतृत्वको गठबन्धन सरकारले संविधान संशोधन गरेर थ्रेस होल्ड बढाउने, समानुपातिक निर्वाचन प्रणाली हटाउने र २ दलीय प्रणालीको सरकार बनाउने चर्चा बाहिर ल्याएपछि मधेश केन्द्रित दलहरू मोर्चाका नाममा एकीकृत भएका छन् ।

७ दलको मोर्चामा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल, महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, डा. सीके राउत नेतृत्वको जनमत पार्टी, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपाल, हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी, रेशमलाल चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी र वृशेषचन्द्र लाल नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टी छन् ।

यसअघि मोर्चामा अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीसमेत रहनेगरी छलफल भए पनि राई यसबाट अलग भएका छन् ।

मोर्चाको नेतृत्व ७ वटै दलका अध्यक्षले आलोपालो गर्ने छन् । पहिलो चरणमा जसपा नेपालका अध्यक्ष यादवले मोर्चाको नेतृत्व पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### प्रगतिशील, एकीकृत र एसोसिएसनको असन्तुष्ट पक्षबीच तालमेल

# नरेश गेलालको नेतृत्वमा प्यानल घोषणा



**मध्यान्ह संवाददाता**
काठमाडौं, २० चैत ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी २९ चैतमा हुने निर्वाचनका लागि प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका सदस्यहरुको असन्तुष्ट पक्ष र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनबीच तालमेलमा संयुक्त व्यवसायी समूह बनेको छ ।

सो समूहको अध्यक्षमा संघका पूर्वमहासचिव तथा मञ्चका पूर्वअध्यक्ष एचआर इन्टरनेसनल सर्भिस प्रा. लि.का संचालक नरेश गेलाल छन् । सो समूहले बुधबार पदाधिकारी र सदस्यसहित १७ सदस्यीय प्यानल सार्वजनिक गरेको छ ।

गेलाल नेतृत्वको प्यानलको प्रथम उपाध्यक्षमा एलायन्स ह्युमन रिसोर्स प्रा. लि.का संचालक सुजितकुमार श्रेष्ठ, द्वितीय उपाध्यक्षमा संगठनका महासचिव इम्प्लोइमेन्ट लिंक नेपाल प्रा. लि.का संचालक मधुकर रिजाल, तृतीय उपाध्यक्षमा न्यु अल्फा पृष्ठ २ मा

#### प्रगतिशील, एकीकृत र एसोसिएसनको असन्तुष्ट पक्षको संयुक्त प्यानल

**अध्यक्ष** : नरेश गेलाल
**प्रथम उपाध्यक्ष** : सुजितकुमार श्रेष्ठ
**द्वितीय उपाध्यक्ष** : मधुकर रिजाल
**तृतीय उपाध्यक्ष** : बैकुण्ठ पौडेल वैभव
**महासचिव** : कर्णराज कटुवाल
**सचिव** : अनिल बोगटी
**कोषाध्यक्ष** : धनु सिजाली

**सदस्यहरू**
देउमान नेम्वाङ
राजेन्द्र बस्नेत
चन्द्र लिम्बू
हिमा गुरुङ
रमा खड्का
दिनेश बस्नेत
कामेश्वर साह राहुल
छत्र बस्नेत
युवराज देवकोटा
राजेश यादव

#### एसोसिएसन र गणतान्त्रिक मञ्चको संयुक्त प्यानल

**अध्यक्ष** : भुवनसिंह गुरुङ
**प्रथम उपाध्यक्ष** : नरेन्द्रप्रसाद ढकाल
**द्वितीय उपाध्यक्ष** : देवकुमार खोखाली
**तृतीय उपाध्यक्ष** : हर्कबहादुर लिम्बू
**महासचिव** : महेशकुमार बस्नेत
**सचिव** : कुन्छा दोर्जे डिम्दोङ
**कोषाध्यक्ष** : विक्रम श्रेष्ठ

**सदस्यहरू**
विद्यालक्ष्मी बज्राचार्य
देवीप्रसाद गिरी
दीपककुमार राय
सुवर्ण लामा
सुमनराज पाण्डे
गीता राउत
तिलरूपा दाहाल
भरत सापकोटा
रेखा शर्मा
कृष्ण ढकाल

#### 'वैदेशिक रोजगार व्यवसायीका समस्या समाधान गर्न विभागले सकारात्मक भूमिका खेल्छ'

काठमाडौं/मस– वैदेशिक रोजगार विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले मुलुकको अर्थतन्त्रलाई सेवा पुऱ्याएको वैदेशिक रोजगार व्यवसायीका समस्या समाधान गर्न विभागले सकारात्मक भूमिका खेल्ने बताएका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिले रक्तदान, क्यालेन्डर विमोचन तथा नववर्ष २०८२ का अवसरमा सामाखुसीमा आयोजना गरेको कार्यक्रमका प्रमुख अतिथि खत्रीले वैदेशिक रोजगार व्यवसायीले व्यवसाय संचालनका क्रममा औंल्याएका नीतिगत, कानुनी र व्यावहारिक समस्या संबोधन गरिने बताए ।

उनले रक्तदान जस्तो पवित्र काम गरेर समितिले सामाजिक उत्तरदायित्व पूरा पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



**म्यान्मारमा...**

वितरणमा ठूलो समस्या भोगिरहेका छन् । यसका साथै भारी यन्त्रको अभावले पनि उद्धार कार्यलाई थप कठिन बनाएको छ ।

भूकम्पले म्यान्मारको पश्चिमी र दक्षिणी क्षेत्रलाई ठूलो क्षति पुगेको छ, जहाँ थुप्रै घरहरू पूर्ण रूपमा ध्वस्त भएका छन् । भूकम्पको गहिराइ र दूरगामी प्रभावका कारण उद्धार कार्यमा समय लागिरहेको सैन्य सरकारको भनाइ छ । सरकारले आपत्कालीन राहतका लागि अन्तर्राष्ट्रिय समुदायसँग सहयोगको अपिल गरेको छ ।

**२४ नेपालभाषीको...**

१०० नेपाली रहेको म्यान्डलेमा ठूलो क्षति भएको छ । त्यहाँ करिब ६० प्रतिशतभन्दा बढी घरहरूमा क्षति पुगेको छ ।

म्यान्डले युद्ध प्रभावित क्षेत्र हो । युद्धका कारण त्यहाँ राहत सामग्री पुग्न सकेको छैन । 'अवस्था धैरै दयनी छ', म्यान्मारबाट न्यौपानेले फोनमा मध्यान्हसँग भने, 'राहत र उद्धार नपाएर नेपालीभाषीसहित थुप्रै बर्मेलीहरू कष्टपूर्ण अवस्थामा छन् ।'

म्यान्डलेमा तापक्रम ४० डिग्री सेल्सिअससम्म पुग्दा भग्नावशेषमा पुरिएका शव सडेर दुर्गन्ध सडकमा फैलिएको छ ।

भूकम्पबाट २४ नेपालीभाषीको मृत्यु भएको छ। अहिलेसम्म १७ जनाको शव प्राप्त भएको छ। म्यान्डलेमा रहेका घनश्याम दाहालको परिवारमा ७ जनाको मृत्यु भएको छ ।

म्यान्मारका ३५ शहरमा नेपालीभाषीहरूको बसोबास छ। त्यहाँ नेपालीभाषीहरूको जनसंख्या करिब डेढ लाख रहेको बताइन्छ । तर, सरकारी तथ्यांकअनुसार करिब ३ लाख जनसंख्या छ ।

सबैभन्दा बढी नेपाली मोगोखमा छन। त्यहाँ झण्डै २६ हजार नेपालीभाषी बस्छन् । अर्को शहर मिचिनामा पनि नेपालीभाषीको संख्या धेरै छ। राजधानी यांगुनमा करिब १ हजार ४०० घरधुरी नेपालीभाषीको बसोबास छ ।

**अवस्था दयनीय**

म्यान्डलेमा धेरै क्षति पुगे पनि नेपालीभाषीहरूले बनाएको ११ तले नेपाली गोर्खा धर्मशाला सुरक्षित रहेको न्यौपानेले बताए ।

'म्यान्डलेको अवस्था दर्दनाक छ । त्यहाँ नेपालीभाषीहरूमाथि ठूलो बज्रपात परेको छ', न्यौपाने बताए । सरकारी पक्षबाट राहत र उद्धारमा तदारुकता नभएपछि गोर्खा संघको नाममा चन्दा उठाएर राहत बितरण गरिएको छ ।

'यांगुनका युवाहरूले २ लाख डलर चन्दा जम्मा पारेर भूकम्पपीडितहरूका लागि खानेकुरा, पानी, औषधि, लत्ताकपडासहितका सामग्री वितरण गरिएको छ', उनले भने ।

म्यान्मारको सरकारले जनतालाई शत्रु मानेर पीडितहरूप्रति ध्यान नदिएको पीडितको गुनासो छ । भूकम्पपछि उद्धारकर्मीहरूले साधन स्रोतको चरम अभाव खेपेका बेलामा सेनाले सैन्य कारबाही जारी राखेको हो ।

संयुक्त राष्ट्रसंघले भूकम्पसँगै सरकारले युद्ध जारी राख्दा त्यसलाई क्रूर र अस्वीकार्यको संज्ञा दिएको छ ।

राष्ट्रसंका विशेषदूत टम एन्ड्रयुजले भूकम्पपछि मानिसहरूको उद्धार गर्ने प्रयास भइरहँदा सेनाले बम प्रहार गर्ने काम जारी राख्नु विश्वासै गर्न नसकिने खालको काम भएको प्रतिक्रिया दिएका छन् ।

म्यान्मारमा ४ वर्षअघि निर्वाचित सरकारलाई बर्खास्त गर्दै सेनाले आफ्नो हातमा शासन सत्ता लिएको छ ।

विद्रोहीहरूका अनुसार भूकम्पको असर परेको सगाइङ क्षेत्रमा पनि म्यान्मारको सेनाले स्थल आक्रमण गरेको छ ।

सेनालाई सत्ताबाट हटाउन संघर्ष गरिरहेका प्रजातन्त्र समर्थक विद्रोही समूहहरूले भूकम्पको केन्द्रबिन्दु उत्तर-पश्चिमी सगाइङ क्षेत्रको चाउङ्उमा सैन्य विमानबाट बमबारी भएको जनाएका छन् ।

सत्ताच्युत नागरिक सरकारलाई प्रतिनिधित्व गर्ने नेसनल युनिटी गभर्मेन्ट (एनयूजी)ले आफ्नो फौजले भूकम्पग्रस्त इलाकाहरूमा आइतबारदेखि लागू हुनेगरी २ साताससम्म रक्षात्मक कार्यबाहेक सबै आक्रामक कारबाही स्थगन गरेको जनाएको छ ।

४ वर्षदेखि एकातिर सेना र अर्कातिर जनजातीय विद्रोही तथा सशस्त्र प्रतिरोध समूहबीच हिंसात्मक लडाइँ चलिरहेको छ ।

सेनाले निरन्तर अपमानजनक हार बेहोर्दै आएको छ र उसको नियन्त्रण ठूलो क्षेत्रबाट गुमेको छ । त्यसैले, प्रतिरोध दबाउन सेना अहिले हवाई हमलामा बढी भर पर्न थालेको छ ।

भूकम्पको केन्द्रबिन्दु सगाइङ क्षेत्रको ठूलो भूभाग अहिले प्रजातन्त्रवादी विद्रोही समूहहरूको नियन्त्रणमा छ । कूमार्फत सत्ता हत्याएको सेनाको नियन्त्रणमा अहिले देशको केवल एक चौथाइभन्दा कम भूभाग छ ।

**उपचारमा...**

सदस्यीय टोली गएको हो । सेनाको टोली करिब १ साता प्रभावित क्षेत्रमा घाइतेहरूको स्वास्थ्य उपचारमा खट्ने छ ।

**ओली-मोदी...**

प्रधानमन्त्रीको थाइल्यान्डको यो पहिलो औपचारिक भ्रमण हो ।

बिमस्टेक शिखर सम्मेलनमा सहभागी हुन थाइल्यान्ड भ्रमण गरे पनि प्रधानमन्त्री ओलीले १ दिनका लागि भ्रमणलाई औपचारिकता दिएका छन् ।

औपचारिक भ्रमणमा क्रममा २ देशका प्रधामन्त्रीहरूबीच भेटवार्ता भएको छ भने नेपाल र थाइल्यान्डबीच विभिन्न सम्झौतामा हस्ताक्षर भएको छ ।

गत असारमा पदभार ग्रहण गरेपछि प्रधानमन्त्री ओली भारतको औपचारिक भ्रमण चाहिरहेका छन् तर भारतबाट भने अहिलेसम्म निम्तो आएको छैन ।

बैंककमा रहेका नेपाली अधिकारीहरूका अनुसार शुक्रबार स्थानीय समयअनुसार दिउँसो ४ बजे बैंककमा २ प्रधानमन्त्रीबीच आधा घण्टा भेटवार्ता गर्ने कार्यक्रम तय भएको छ ।

बैंककमा मोदीसँगको ओलीको बहुपक्षीय मञ्चमा दोस्रो भेट हुने छ । यसअघि २ प्रधानमन्त्रीले गत सेप्टेम्बरमा न्युयोर्कमा संयुक्त राष्ट्रसंघको ७९औं महासभाका क्रममा साइडलाइन भेटवार्ता गरेका थिए। त्यसयता उनीहरूबीच भेटवार्ता भएको छैन ।

नेपाली अधिकारीहरूले बैंककमा ओली र मोदीबीच भेटवार्ता हुने आशा गरेका छन्। प्रधानमन्त्री ओलीको लामो समयदेखि प्रतीक्षा गरिएको भारतको औपचारिक द्विपक्षीय भ्रमणका लागि यो भेटवार्ताले मार्ग प्रशस्त गर्ने विश्वास पनि अधिकारीहरूले गरेका छन् । ओली प्रधानमन्त्री भएपछि भारत गएका छैनन् भने भारतका प्रधानमन्त्री मोदीको पनि नेपाल भ्रमण भएको छैन । गत भदौमा भारत भ्रमण गरेकी परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले भारतीय प्रधानमन्त्री मोदीसँगको भेटमा नेपाल भ्रमणको निम्तो दिएकी थिइन्। तर, न ओलीको भारत भ्रमण भएको छ, न त मोदीको नेपाल भ्रमण नै भएको छ। त्यसलाई लिएर कूटनीतिक र राजनीतिक वृत्तमा ओलीको भारतसँग सम्बन्ध चिसो रहेको रूपमा अर्थ्याइने गरेको छ ।

भारतीय प्रधानमन्त्री मोदीबाहेक प्रधानमन्त्री ओलीले शिखर सम्मेलनका क्रममा अन्य बिमस्टेक नेताहरूसँग पनि साइडलाइन भेटघाट गर्ने छन् । तर, भारतीय प्रधानमन्त्री मोदीसँगको भेट बहुप्रतीक्षित मानिएको छ ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद ढकालले विभिन्न सरकार र राष्ट्र प्रमुखसँग द्विपक्षीय भेट हुनुका साथै भारतीय प्रधानमन्त्री मोदीसँग पनि भेटवार्ता हुने बताए ।

ओली प्रधानमन्त्री भएको साढे ८ महिना पुगेको छ । यस अवधिमा उनले भारत भ्रमणको निम्तो पाएका छैनन् । त्यसलाई लिएर कूटनीतिक र राजनीतिक वृत्तमा ओलीको भारतसँग सम्बन्ध चिसो रहेको रूपमा अर्थ्याइने गरेको छ । त्यस कारण पनि थाइल्यान्डमा ओली र मोदीबीच छुट्टै भेट हुने/नहुने विषयलाई चासोका साथ हेरिएको छ ।

गत साता म्यानमारमा आएको विनाशकारी भूकम्पलगत्तै बिमस्टेक शिखर सम्मेलन हुँदै छ । भूकम्पको असर थाइल्यान्डमा पनि परेको थियो । नेपाल र थाइल्यान्डसहित बंगलादेश, भुटान, भारत, म्यानमार र श्रीलंका सदस्य छन् ।

भूकम्पका कारण सम्मेलन सर्ने आशंका गरिए पनि म्यानमार सहभागी हुने र आयोजक राष्ट्र तयार देखिएपछि सम्मेलन निर्धारित मितिमै हुन लागेको हो ।

यसअघि १८ र १९ भदौमा शिखर सम्मेलनको मिति तय भएको थियो । तर, थाइल्यान्डमा भएको राजनीतिक परिवर्तनले त्यतिबेला सम्मेलन स्थगित भएको थियो । थाइल्यान्डको संवैधानिक अदालतले त्यहाँको निवर्तमान प्रधानमन्त्री स्रेथा थाविसिनलाई पदमुक्त गरेपछि उत्पन्न राजनीतिक उथलपुथलले शिखर सम्मेलन स्थगित भएको थियो ।

३० मार्च २०२२ मा श्रीलंकाको कोलम्बोमा भर्चुअल रूपमा आयोजित पाँचौं शिखर सम्मेलनको ३ वर्षपछि छैटौं सम्मेलन आयोजना हुन लागेको हो । यस पटकको मूल नारा 'समृद्ध, लचिलो र खुल्ला बिमस्टेक' रहेको छ ।

बिमस्टेक सचिवालयका अनुसार शिखर सम्मेलनपूर्व २२ चैतमा बिमस्टेकका वरिष्ठ अधिकारीहरूको र २३ चैतमा बिमस्टेकका परराष्ट्रमन्त्रीहरूको बैठक हुने छ ।

पाकिस्तानसँगको तनावपूर्ण सम्बन्धका कारण पछिल्लो समय भारतले दक्षिणपूर्वी एसियाका राष्ट्रहरू सदस्य रहेको बिमस्टेकलाई महत्त्व दिँदै आएको छ ।

यसैबीच शुक्रबार बिहान प्रधानमन्त्री ओली 'मेरी टाइम ट्रान्सपोर्ट कोअपरेसन'सम्बन्धी सम्झौता हस्ताक्षर कार्यक्रममा सहभागी हुने र बिमस्टेक शिखर सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम छ । शिखर सम्मेलनमा भाग लिने सदस्य राष्ट्रका राष्ट्राध्यक्ष/प्रधानमन्त्रीसँग ओलीले 'साइडलाइन' बैठक गर्ने छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगको बैठक बहुप्रतीक्षित मानिएको छ ।

**थाइल्यान्डसँग...**

उपस्थितिमा बुधबार बैंककमा २ वटा सरकारी र ६ वटा गैरसरकारी समझदारीपत्रमा हस्ताक्षर भएका हुन्।

समझदारीले नेपाल र थाइल्यान्डबीच व्यापारिक सम्बन्धलाई सुदृढ गर्ने, आर्थिक सहकार्यलाई प्रवर्द्धन गर्ने तथा व्यापार र लगानी विस्तारका लागि संरचित रूपरेखा तयार गर्ने लक्ष्य राखेको छ ।

साथै, २ देशबीचको व्यापारिक सहकार्यलाई थप मजबुत बनाउने र आर्थिक सहकार्यलाई विस्तार गर्न महत्त्वपूर्ण योगदान गर्ने विश्वास गरिएको छ ।

त्यसअघि प्रधानमन्त्री ओली र थाइल्यान्डका प्रधानमन्त्री सिनावात्राबीच भेटवार्ता भएको थियो। त्यसअघि थाई प्रधानमन्त्री सिनावात्राले सरकारी भवनमा ओलीलाई स्वागत गरेकी थिइन् ।

**लगानी गर्न आग्रह**

त्यसपछि भएको संयुक्त पत्रकार सम्मेलनमा दुवै सरकार प्रमुखले विभिन्न क्षेत्रमा सहकार्यलाई जोड दिने बताएका छन् ।

थाई समकक्षीसँगको भेटपछि आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्री ओलीले आफ्नो भ्रमणले २ देशबीचको सम्बन्ध नयाँ उचाइमा पुगेको बताएका छन् ।

प्रधानमन्त्री ओलीले आफ्नो भ्रमणबाट २ मुलुकबीच संस्कृति, पर्यटन, शिक्षा, ऊर्जालगायत क्षेत्रमा सहकार्य अभिवृद्धि हुने विश्वास व्यक्त गरे ।

उनले नेपाल र थाइल्यान्डबीच ६५ वर्षदेखि रहेको कूटनीतिक सम्बन्ध र जनता-जनताबीचको सम्बन्धलाई अझ विस्तार गर्ने विषयमा आफूहरूबीच छलफल भएको बताए।

प्रधानमन्त्री ओलीले नेपालमा होटल व्यवसाय तथा हवाई सेवा जस्ता पर्यटन क्षेत्रमा थाइल्यान्डको लगानी र व्यापारका विषयले आगामी दिनमा प्राथमिकता पाउने विश्वास व्यक्त गरे ।

'नेपाल र थाइल्यान्डबीच कृषि, व्यापार, पर्यटन, संस्कृतिको गहिरो सम्बन्ध कायम रहेको छ । थाइल्यान्डका लगानीकर्तालाई नेपालमा लगानीका लागि म आह्वान गर्छु', प्रधानमन्त्री ओलीले भने, 'नेपाल र थाइल्यान्डबीच व्यापार र पर्यटनको सम्बन्ध राम्रो रहेको छ । अब हामी अन्तर्राष्ट्रिय मुद्दाका साथै जलवायु परिवर्तनका बारेमा हातेमालो गरेर काम गर्ने छौं ।'

प्रत्युतरमा थाइल्यान्डकी प्रधानमन्त्री सिनावात्राले नेपालसँग शिक्षा, हाइड्रोपावरलगायतका क्षेत्रमा थाइल्यान्डले सहयोग गर्ने बताइन् । नेपाल र थाइल्यान्ड सरकारबीच लामो समयदेखिको सम्बन्ध रहेको भन्दै यसलाई बचाई राख्नुपर्ने उनको भनाइ छ । उनले नेपाल र थाइल्यान्डका निजी क्षेत्रहरूबीच पनि अस्पताल, होटल र अन्य व्यापारको सम्झौता भएको उल्लेख गरिन् ।

**भ्रमणको निम्तो**

प्रधानमन्त्री ओलीले थाइल्यान्डका समकक्षीलाई नेपाल भ्रमणको निम्तो दिएका छन् । प्रधानमन्त्री ओलीले भेटवार्ता गर्दै थाइल्यान्डका प्रधानमन्त्री सिनावात्रालाई नेपाल भ्रमणको निम्ता दिएका हुन् ।

भेटवार्तापछि आयोजित संयुक्त पत्रकार सम्मेलनमा प्रधानमन्त्री ओलीले यसबारे जानकारी गराएका हुन् ।

प्रधानमन्त्री ओलीले थाइल्यान्डका समकक्षी सिनावात्राले चाँडै नेपाल भ्रमण गर्ने विश्वास गरे ।

**घोषणा...**

गर्ने छन्। नेताहरूका अनुसार मोर्चाको नाम 'संघीय लोकतान्त्रिक मधेशी मोर्चा' रहने छ ।

जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले मोर्चा गठनका लागि प्रयास गरेका थिए । उनले मधेश केन्द्रित दलका नेताहरूको बैठक गरेर मोर्चा बनाउन आग्रह गरेका थिए ।

मोर्चा बनाउन दलहरूले दुइटा कार्यदल पनि बनाएका थिए। मोर्चाको मापदण्ड र अचारसहिंता तथा साझा मुद्दा तय गर्न एउटा कार्यदल बनेको थियो भने सबै दलको राय बुझेर मोर्चा गठनका लागि अर्को कार्यदल बनाइएको थियो। कार्यदलले राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक क्षेत्रबारे अध्ययन गरी प्रतिवेदन तयार पारेको छ ।

दुइटै कार्यदलले काम गरेर प्रतिवेदन बुझाएपछि मोर्चाको औपचारिक घोषणा हुन लागेको हो ।

**नेतृत्वमा विवाद**

अशोक राई नेतृत्वको जसपाले मोर्चाको नेतृत्वमा आपत्ति जनाएको छ । मोर्चाको नेतृत्व संसद्मा भएको शक्तिको आधारमा हुनुपर्ने राईको तर्क छ ।

मोर्चाको नेतृत्वमा जसपा नेपालका अध्यक्ष यादवलाई अघि सारिएपछि राईले आपत्ति जनाएका हुन् । राईले यादवको पार्टीबाट फुटेर नयाँ पार्टी बनाएका हुन्। उता, राउत नेतृत्वको जनमत पार्टीले पनि मोर्चाको नेतृत्वप्रति असन्तुष्टि जनाएको छ ।

यादवले नेतृत्व गरेको जसपा नेपालभन्दा संसद्मा राई र राउतका पार्टीको सांसद संख्या बढी रहेको जनाउँदै उनीहरूले मोर्चाको नेतृत्व आफूहरूले पाउनुपर्ने बताएका छन् । प्रतिनिधिसभामा जसपाका ७, जनमतका ६ र जसपा नेपालका ५ सांसद छन् । मोर्चामा तेस्रो स्थानमा रहेको पार्टीबाट नेतृत्व आउने भएपछि उनीहरूको आपत्ति हो ।

राई नेतृत्वको जसपाका महासचिव इस्तियाक राईले भने, 'नेतृत्व लिनेबाहेक मोर्चाको अरू कुनै उद्देश्य छैन। नेतृत्व लिनका लागि मात्र गठन गर्न लागेको देखियो ।'

मोर्चामा रहेको पहिलो र दोस्रोले नेतृत्व नपाएर तेस्रोले पाउने स्वीकार्य नहुने उनको भनाइ छ ।

मोर्चाको आडमा यादवलाई मूल नेता स्वीकार गर्न नसकिने जनमतको भनाइ छ। जसपा कार्यक्रममा सहभागी नहुने भएपछि ७ दलमा सबैभन्दा ठूलो दलको स्थानमा जनमत हुन्छ ।

**नरेश...**

एचआर प्रा. लि.का संचालक बैकुण्ठ पौडेल बैभव, महासचिवमा वर्तमान सचिव डाइनामिक स्टाफिङ सोलुसन प्रा. लि.का संचालक कर्णराज कटुवाल, सचिवमा कन्फिडेन्ट इन्टरनेसनल म्यानपावर प्रा. लि.का संचालक अनिल बोगटी र कोषाध्यक्षमा कालिन्चोक एचआर प्रा. लि.की संचालक धनु सिँजाली मगर छन्। बोगटी संगठनका सचिव हुन् ।

कार्यसमिति सदस्यका उम्मेदवार हरूमा माउन्टेन ग्रुप प्रा. लि.का संचालक देउमान नेम्बाङ, ग्रोथ प्रोसेस इन्टरनेसनल इम्प्लोइमेन्ट प्रा. लि.का संचालक राजेन्द्र बस्नेत, उज्यालो ओभरसिज प्रा. लि.का संचालक चन्द्र लिम्बू छन् । पौडेल, नेम्बाङ, बस्नेत र लिम्बू वर्तमान कार्यसमिति सदस्य पनि हुन् ।

कार्यसमिति सदस्यका अन्य उम्मेदवारहरूमा विनर एचआर सोलुसन प्रा. लि.की संचालक हिमा गुरुङ, रियो ओभरसिज प्रा. लि.की संचालक रमा खड्का, गल्फ इम्पायर ओभरसिज प्रा. लि.का संचालक दिनेश बस्नेत, आयुश ओभरसिज प्रा. लि.का संचालक कामेश्वर साह राहुल, सिगुल ओभरसिज प्रा. लि.का संचालक छत्र बस्नेत, डेस्टिनी ह्युमन रिसोर्स प्रा. लि.का संचालक युवराज देवकोटा र गल्फ एसिया म्यानपावर प्रा. लि.का संचालक राजेश यादव छन् ।

उम्मेदवारहरूलाई शुभकामना व्यक्त गर्दै संघका पूर्वअध्यक्ष विमल ढकालले लागू हुन सक्ने सबै प्रकारका सिन्डिकेटका विरुद्ध गेलाल समूह बनेको बताए । पूर्वअध्यक्ष ढकालले पार्टीको निर्देशनअनुसार वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चसँग नभई प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालसँग गठबन्धन गरिएको बताए ।

उम्मेदवार घोषणासभामा नेकपा एमालेका सचिव पूर्वमन्त्री योगेश भट्टराई, नेकपा (एकीकृत समाजवादी) का स्थायी समिति सदस्य तथा वैदेशिक रोजगार इन्चार्ज नागेन्द्र चौधरी, नेपाली कांग्रेसकी केन्द्रीय सदस्य सीता देवकोटालगायतले शुभकामना मन्तव्य राखेका थिए ।

उता, भुवनसिंह गुरुङको नेतृत्वमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले घरदैलो र भेटघाट कार्यक्रम गर्दै प्रचारप्रसार सुरु गरिसकेका छन् ।

**भूलसुधार**

मध्यान्ह दैनिकको वर्ष २३ अंक ५९ मिति २०८१ चैत २० गते बुधबार प्रथम पृष्ठको वैदेशिक रोजगार विशेषमा प्रकाशित समाचारको शीर्षक 'पार्टीको नीति स्पष्ट गरी प्रतिनिधि पठाउन एसोसिएसनका असन्तुष्ट पक्षको माग' हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ । यसबाट पाठकवर्गमा पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं । सं.

**वैदेशिक**

गर्नुका साथै व्यवसायीको मान, प्रतिष्ठा, इज्जत बढाउन सहयोग गरेको उल्लेख गरे । महानिर्देशक खत्रीले वैदेशिक रोजगारमा ठगी भयो, विभागबाट न्याय पाइएन भनेर प्रचारप्रसार हुँदा विभाग दुखी हुने गरेको भन्दै व्यवसायी मर्यादित भए कामदार सुरक्षित भई व्यवसायीको प्रतिष्ठा बढ्ने पनि जिकिर गरे ।

वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजतपत्र नलिएका व्यवसायी बाहिर रहेको पक्ष, शैक्षिक कन्सल्टेन्सी, ट्राभल्स एजेन्सी र बाटोघाटोमा ठग्ने र ठगिने प्रवृत्ति बढ्दो चुनौतीका रूपमा देखापरेका भन्दै महानिर्देशक खत्रीले व्यक्तिगत ठगीसम्बन्धी उजुरी जिल्लाबाट हेर्ने व्यवस्था गरेमा विभाग अन्य समस्या समाधानका लागि बढी प्रभावकारी हुने उल्लेख गरे ।

व्यवसायीहरूले वैदेशिक रोजगार ऐन संशोधन, मागपत्र प्रमाणीकरणलगायतका माग सम्बोधन गर्न पटक-पटक ध्यानाकर्षण गराएको भन्दै समस्या समाधानका लागि वैदेशिक रोजगार ऐन संशोधनका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले माग गरेअनुसार सुझाव पठाएको बताए ।

उनले भने, 'हाल इजाजतपत्र नवीकरणका लागि वार्षिक सय जना कामदार पठाउनुपर्ने बाध्यता अन्त्य गर्न ३ वर्षमा सय जना कामदार पठाए पनि हुने सुझाव पठाएको छ ।'

कुनै व्यवसायी सामान्य रूपमा कर तिरेर आराम गर्छु भन्छ भने व्यवसायीलाई सुविधा दिनुपर्छ भन्ने मान्यतामा विभाग छ ।

महानिर्देशक खत्रीले मागपत्र प्रमाणीकरण समस्या पनि समाधान गर्न चाहने हो भने अवस्था सहज रहेको बताए । उनले भने, 'वैदेशिक रोजगार ऐनमा कामदार समस्या परे फिर्ता गर्ने र करारअनुसारको सेवा, सुविधा दिलाउने जिम्मा दिइएको छ । व्यवसायी उत्तरदायी हुनेगरी मागपत्र प्रमाणीकरण गर्न सकिन्छ ।'

ठगीको प्रचारप्रसारले विभागलाई पीडा हुने भन्दै उनले त्यसैले यो क्षेत्र मर्यादित र सुरक्षित गर्नुपर्ने आवश्यकता औंल्याए। व्यक्तिगत ठगी सम्बन्धित जिल्लाबाट हेर्ने व्यवस्था गर्नुपर्ने, त्यसो गरेमा विभाग बढी प्रभावकारी हुने उनको भनाइ छ ।

नयाँ क्यालेन्डर प्रकाशन, रक्तदान जस्ता कार्यक्रम गरेकामा समितिलाई धन्यवाद दिँदै आफ्नो नेतृत्वको संघले भवन खरिद, संख्या सय समस्या समाधानको पहल, सेवा शुल्क परिमार्जनका लागि निरन्तर दबाब दिएर व्यवसायीको हितमा काम गरिरहेको संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए ।

अध्यक्ष भण्डारीले संसद्को हिउँदे अधिवेशनमा संख्या सय खारेजीको प्रावधान रहेको केही नेपाल ऐन संशोधन विधेयक पारित नभए पनि बजेट अधिवेशनको सुरुवातमै उक्त विधेयक पारित हुने वस्तुगत आधार तयार भएकाले सय संख्या नपुऱ्याएका व्यवसायीले इजाजतपत्र नवीकरण हुने/नहुने दुविधामा बस्नु नपर्ने दाबी गरे ।

संघका पूर्वअध्यक्ष रोहन गुरुङले वैदेशिक रोजगार व्यवसायीले सक्षम र व्यवसायीप्रति बफादार नेतृत्व चुन्नुपर्ने भन्दै हाल संघ नेतृत्वका लागि आएका आकांक्षीहरूले विगतमा खेलेका सकारात्मक र नकारात्मक दुवै पक्षको मूल्यांकन गरेर मतदान गर्न जरुरी रहेको बताए । उनले आफूले हालका केही उम्मेदवारहरूले विगतमा नियतवश व्यवसायी हक हितविपरीत गरेका कामहरूलाई क्रमशः सार्वजनिक गर्ने भन्दै विश्लेषण गरी मतदान गर्न आग्रह पनि गरे ।

संघको आगामी निर्वाचनमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका उम्मेदवार भुवनसिंह गुरुङले निर्वाचनमा आफ्नो टिम विजयी गराएको खण्डमा सबै प्रकारका सिन्डिकेटका विरुद्ध व्यवसायलाई मर्यादित बनाउने उद्देश्य लिएको बताए ।

सोही प्यानलका प्रथम उपाध्यक्षका उम्मेदवार तथा एसोसिएसनका पूर्वअध्यक्ष नरेन्द्रप्रसाद ढकालले वास्तविक पीडितबाट उजुरी लिएर छानबिन गर्ने व्यवस्था गर्न महानिर्देशक खत्रीको ध्यानाकर्षण गराउँदै व्यवसायीलाई बद्नाम गर्ने तत्त्वविरुद्ध व्यवसायी एकताबद्ध हुने बताए ।

समितिका सभापति हरिबहादुर पाण्डे क्षेत्रीले विभागले हाल प्रदान गरेका सेवाले व्यवसायीलाई केही सहज भएको भए पनि अनधिकृत व्यक्तिहरूबाट व्यवसायीमाथि ठगीको आरोप र लाञ्छना लगाउने प्रवृत्तिको अन्त्य गर्नेमा विभाग गम्भीर हुनुपर्ने माग गरे ।

पाण्डेले केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकमा संख्या सयको प्रावधान हटेको तर एउटा फाइलको सट्टामा कामदार संख्याको आधारमा जरिमाना लिने नयाँ व्यवस्था आएको भन्दै त्यसमा संघको कार्यसमिति व्यवसायीप्रति जबाफदेही रहेको बताए ।

मध्यान्ह दैनिकका सम्पादक मदनकुमार श्रेष्ठले शुभकामना मन्तव्य राख्दै रक्तदान जस्तो पवित्र काम गरेर समितिले समाजसेवी काम गरेको भन्दै भविष्यका दिनमा पनि विगतका जस्तै समाजसेवी कामलाई निरन्तरता दिन आग्रह गरे ।

कार्यक्रम संयोजक खड्कबहादुर केसी, भिजन एन्ड भ्याल्यु ओभरसिजका संचालक वरिष्ठ व्यवसायी पदमराज पौडल, संघका पूर्व द्वितीय उपाध्यक्ष किशोर केसी, नेपाल वैदेशिक रोजगार व्यवसायी महिला संघकी अध्यक्ष प्रतिमा महर्जन, वैदेशिक रोजगार व्यवसायी तमुधीः समाजका अध्यक्ष तीर्थबहादुर गुरुङलगायतको उपस्थिति थियो ।

महासचिव मधुकर रिजालले संचालन गरेको कार्यक्रममा उपाध्यक्ष हरिश कुँवरले स्वागत मन्तव्य राखेका थिए ।

# एनआरएनए एनसीसी कतारको सम्मान



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २० चैत

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतारले सम्मान तथा धन्यवाद कार्यक्रम सम्पन्न गरेको छ । इस्लाम धर्मालम्बीहरुको महान् पर्व इद उल फित्र, नेपाली नयाँ वर्ष २०८२, यक्वा तङनाम, साकेला उँभौली र नेपाल डे को अवसरमा शुभकामना आदान प्रदानसहित एनसीसी कतारको २०२३-२०२५ कार्यकालको विभिन्न कार्यक्रमहरूमा सहयोग गरेका सहयोगी, संघसंस्था र कलाकारहरूलाई सम्मान तथा धन्यवाद कार्यक्रम सम्पन्न गरेको हो । सनैयामा अवस्थित फूलबारी रेस्टुरेन्टमा मंगलबार एनसीसी कतारका अध्यक्ष रमेश भट्टको सभाध्यक्षता तथा कतारका लागि नेपाली राजदूत रमेशचन्द्र पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा बोल्दै प्रमुख अतिथि पौडेलले नेपाली कल्चरल हाउस स्थापनाका लागि दूतावासले पहल गर्ने बताए । पौडेलले एनसीसीमार्फत प्राप्त सुझावलाई मनन गर्दै दूतावासले समन्वय गरेर कूटनीतिक तवरले पहल गर्ने बताए । आफूले पाएको जिम्मेवारी र प्रतिबद्धतालाई क्रमशः पूरा गर्दै जाने क्रममा सबैबाट राम्रो साथ सहयोग पाएको बताउँदै एनसीसीका संघसंस्था संयोजक केशव कार्कीले कतारमा रहेका संघसंस्थाप्रति कृतज्ञता जाहेर गरे ।

त्यस्तै एनसीसीका सांस्कृतिक विभाग संयोजक विवेक पुलामी मगरले कतारमा रहेका सबै कलाकारलाई समेट्दै अगाडि बढ्ने आफूले प्रयास गरिरहँदा कलाकार, कोरीयोग्राफर तथा संघसंस्थाहरुलाई धन्यवाद ज्ञापन गरे । कतारका लागी नेपाल सरकारका पर्यटनदूत राजेन्द्रकुमार शर्मा, एनआरएनएका संस्थापक उपाध्यक्ष सागर नेपाललगायतले एनसीसी कतारले गरेका कार्यसम्पादनको प्रशंसा गरे । कार्यक्रममा कतारमा स्थापित वैचारिक, सामाजिक, व्यावसायिक, सामुदायिक, साहित्यिक संघ संस्थाहरूको प्रमुख तथा प्रतिनिधिसहित अन्य व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । कार्यक्रमलाई महासचिव रबिन मगरले सहजीकरण गरेका थिए भने प्रथम उपाध्यक्ष कृष्ण पन्थीले स्वागत मन्तव्य राखेका थिए ।

कार्यक्रमको समापन गर्दै सभाध्यक्ष भट्टले कतारमा रहेका नेपालीहरूले सामाजिक सञ्जालमा लेखेका शब्दहरू, संघसंस्थाहरूको ब्यानरमा कतारको झण्डाको प्रयोगप्रति कतार सरकारको गम्भीर ध्यानाकर्षण भएको बताए । भट्टले कतारमा नेपालीले राजनीतिको नामबाट हुने गतिविधिप्रति सजग रहन सुझावसहित कतारको राष्ट्रिय गान पनि नेपालीहरूका कार्यक्रममा नबजाउन सुझावात्मक अनुरोध गरे ।

नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
विराटनगर

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति :- २०८१/१२/२१**

यस आयोजनाबाट मिति २०८१/११/०२ गते आव्हान गरिएको तपशिल बमोजिमको ठेक्कामा E-Bidding मार्फत दर्ता भएको सिलबन्दी बोलपत्र खोली प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरु प्राविधिक प्रस्तावमा उत्तीर्ण भएकोले सार्वजनिक खरिद नियामावली २०६४ को नियम ३१ (ङ) को उपनियम (४) र (५) बमोजिम तपशिलमा उल्लेख भएको मिति, स्थान र समयमा आर्थिक प्रस्ताब खोलिने भएकोले उक्त समयमा उपस्थितिको लागि जानकारी गराइन्छ ।

| S. N | Contract No. | Name of Bidder | Address | Responsive/ Non Responsive | Remarks |
|---|---|---|---|---|---|
| 1 | 15/81-82/ CFWSSP- Saalbaari/ FWSSMP_BRT | LPS/Siddhakali JV | Bhadrapur-08, Jhapa | Responsive | |
| 2 | | Supreme-Jayamata JV | Koteshwor, Kathmandu | Responsive | |
| 3 | | Mahadev Khimti Nirman Sewa Pvt. Ltd. | Putalisadak-32 Kathmandu | Responsive | |
| 4 | | Khushbu Nirman Sewa Private Limited | Biratnagar-05, Morang | Responsive | |
| 5 | | JALJALA-AMBAR SHANTI BHANUMATI JV | Lalitpur Metropolitan- 08, Balkumari | Responsive | |

**आर्थिक प्रस्ताव खोल्ने समय**
मिति : २०८१/१२/२८ (April 10, 2025)
समय : दिनको ठिक १२:०० बजे
स्थान : सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, विराटनगर ।

**आयोजना प्रमुख**

**कतारमा रोजगार**
पूर्व स्वीकृत मिति: २०८१/१२/२०
कम्पनी: LIBERTY SUITES
चलानी नं.: ६०२३५६०४
शहर: DOha
LT. No.: 321504

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Public | 10 | 0 | स. काममा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २८ गते (10 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुलक |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

FutureLink
Govt Lic. No.: 839/066/67
**Future Link International Pvt. Ltd.**
P.O.Box.: 24253, Sinamangal-09, Kathmandu, Tel. No.:01-4488939
Email : hr.futurelinkinternational@gmail.com, Website : www.futurelinkint.com

### तीनकुने घटनाबारे सरकारको जबाफ माग

# गृहमन्त्रीलाई संसदीय समितिमा बोलाइयो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० चैत

राज्य व्यवस्था तथा सुशासन समितिले राजावादी समूहको गत चैत १५ गतेको प्रदर्शनको क्रममा भएको लुटपाट, तोडफोड तथा आगजनीका घटनाबारे जवाफ दिन गृहमन्त्री रमेश लेखकलाई बोलाएको छ ।

बुधबार सिंहदरबारमा बसेको समिति बैठकमा सांसदहरूले राजावादी समूहको प्रदर्शनको क्रममा भएको जनधनको क्षतिबारे सत्तापक्ष र प्रतिपक्षी दलका सांसदहरूले गृहमन्त्रीको जवाफ माग गरेका थिए। राजावादी समहूको प्रदर्शनबारे जवाफ दिन गृहमन्त्री शुक्रवारको समिति बैठकमा उपस्थित हुने समिति सभापति



रामहरि खतिवडाले बताए ।

नेकपा (माओवादी केन्द्र)का प्रमुख सचेतक हितराज पाण्डेले तीनकुने घट्नामा सरकारको गम्भिर त्रुटी रहेको भन्दै गृहमन्त्री आएर जवाफ दिनुपर्ने बताए । प्रदर्शनलाई नियन्त्रण गर्नसक्ने स्थिति हुँदाहुँदै सरकारले सही कदम चाल्न नसक्दा स्थिति नियन्त्रण बाहिर गएको उनको ठहर छ ।

उनले भने, 'जहाँसम्म १५ गतेको घटना हो सरकारले ठिक गरेन नि त । आफ्नै प्रहरीले घेरा हालेको बेला चाहीँ समात्न नसक्ने । अनि अहिले आएर छिटोभन्दा छिटो सरकारले समात्छ भन्ने ? कसले पत्याउँछ यस्तो कुरो ? यसका लागि माननीय गृहमन्त्रीज्युलाई बालाउनुपर्छ र जवाफ माग्नुपर्छ ।'

उनले आन्दोलनका कमाण्डर दुर्गा प्रसाईंलाई समेत सरकारले नै भगाएको आशयको अभिव्यक्ति दिए । प्रहरीले घेरा हालेको बेला किन नसमाएको भन्दै प्रश्न समेत गरे ।

# 'पूर्वराजा ज्ञानेन्द्रमा संवेदनशीलता देखिएन'

**काठमाडौं/मस–** नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले राजावादी समूहले गरेको तीनकुने प्रदर्शनमा भएको जनधनको क्षतिप्रति पूर्वराजा ज्ञानेन्द्र शाहमा संवेदनशीलता नदेखिएको बताएका छन् ।



बुधबार सिंहदरबारमा सञ्चारकर्मीहरुसँग प्रतिक्रिया दिँदै महामन्त्री शर्माले यस्तो बताएका हुन् । पूर्वराजा शाहले गत फागुन ७ मा गरेको आह्वानका आधारमा प्रदर्शन भएकोले उनको संलग्नता रहेको महामन्त्री शर्माको जिकिर छ । पूर्वराजाको अपिलमा प्रदर्शन भइसकेपछि पत्रकारको मृत्यु हुँदै गर्दा उनलाई समवेदना फिल हुनुपर्दैन ? भन्दै उनले प्रश्न समेत गरे ।

उनले राजतन्त्रमा परिवारवादका आधारमा पुरुषलाई मात्र अवसर मिल्ने भएपनि गणतन्त्रणले महिला राष्ट्रपति बनाएको उल्लेख गरे । उनले राजनीतिक दलको नेतृत्व र सरकारप्रति रहेका असन्तुष्टिहरुलाई सुधार गर्दै जानुपर्ने बताए। उनले ०८४ को निर्वाचनपछि मुख्य राजनीतिक दलहरुमा दलको नेतृत्व परिवर्तन हुने दाबी गरे ।

उनले भने, 'फागुन ७ मा अपिल गर्नु भएका पूर्वराजाको तीनकुने घटनामा कुनै संलग्नता देखिँदैन ? छैन र ? उहाँलाई दुख्नु पर्दैन र ? उहाँको अपिलमा प्रदर्शन भइसकेपछि पत्रकारको मृत्यु हुँदै गर्दा उहाँलाई समवेदना फिल हुनुपर्दैन ? राज्यको सम्पती तोडफोड हुँदा गम्भिर गल्ति भएको महशुस भएको छ भनेर बोल्नु पर्दैन र ? संवेदनशीलता नै देखिएन नि । राजालाई राजगद्धिमा ल्याउने हो भने उहाँ मरेपछि को बस्ने, छोरा, नाति, पनाति । के यो देश पुरुषहरुको मात्रै हो र ? गणतन्त्रले त दोस्रो राष्ट्रपति नै महिलालाई बनाएको छ नि । तर राजसंस्थामा त कहिले पनि महिलालाई अवसर नआउने रैछ । नेताप्रति असन्तुष्टि छ, सरकारप्रति असन्तुष्टि छ। सुधार गर्नुपर्छ । ०८४को निर्वाचनपछि हामी पार्टीकै नेतृत्व परिवर्तन गर्छौं भनिराखेका छौं नि तर राजगद्धिमा बसेको राजालाई त परिवर्तन गर्न सकिदैन नि ।'

# हुम्लाको चंखेलीमा अस्पताल निर्माण हुने



**काठमाडौं/मस–** भारतीय दुतावासको सहयोगमा हुम्लाको चंखेलीमा पाँच शय्याको अस्पताल निर्माण हुने भएको छ । नेपाल सरकार, भारतीय दूतावास र स्थानीय तहबिच प्रभावकारी सामुदायिक विकास आयोजना सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भारतीय दूतावास र नौ स्थानीय तहबिच शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सहयोग गर्न त्रिपक्षीय सम्झौता भएको हो ।

सम्झौताअनुसार भारत सरकारले नौवटा स्थानीय तहमा विद्यालय संरचना तथा स्वास्थ्य चौकी निर्माणका लागि आर्थिक सहायता उपलब्ध गराउनेछ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव तथा प्रवक्ता कालीप्रसाद पराजुलीका अनुसार चंखेली गाउँपालिका हुम्लामा पाँच शय्याको अस्पताल निर्माण गर्न भारत सरकारले आर्थिक सहयोग गर्नेछ ।

चंखेली गाउँपालिकाका अध्यक्ष प्यारीलाल शाहीले गाउँपालिकाले नेपाल सरकारसँग समन्वय गरी पाँच शय्याको अस्पताल निर्माण कार्य अगाडी बढेको बताए । संघीय मामिला मन्त्रालयमार्फत भारतीय दूतावासलाई पठाइएको प्रस्ताव अनुमोदन भइसकेको छ र छिट्टै अस्पताल निर्माण कार्य सुरु हुने उनले बताए ।

'हुम्ला नेपालकै एक विकट जिल्ला हो । यहाँबाट सुविधा सम्पन्न अस्पतालसम्म पुग्न झण्डै दुई दिनको यात्रा गर्नुपर्छ । स्वास्थ्य सेवा अभावका कारण धेरै नागरिकले अकालमै ज्यान गुमाइरहेका छन्,' अध्यक्ष शाहीले भने, 'यसकारण हामीले पाँच शय्याको अस्पतालका लागि पहल गरेका थियौं, जुन सफल भएको छ । अस्पताल निर्माण भएपछि प्राथमिक स्वास्थ्य सेवाबाट वञ्चित स्थानीयवासीलाई सहज उपचार सुविधा उपलब्ध हुनेछ ।'

अस्पताल निर्माणको डीपीआर (विस्तृत परियोजना प्रतिवेदन) तयार भइसकेको छ, टेन्डर आह्वान गरेर १८ महिनामै सक्ने गरी काम गरिने शाहीले बताए । अस्पतालको अनुमानित लागत २० करोड रुपैयाँ रहेको छ ।

# डोल्पामा नगर प्रहरीद्वारा व्यापारीमाथि मुक्का प्रहार



**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, २० चैत

त्रिपुरासुन्दरीका नगर प्रहरीले एक व्यापारीलाई कुटपिट गरेका छन् । बुधबार बिहान नगरपालिकाको त्रिपुराकोट बगर बजार सरसफाइ गराउन निस्केका नगर प्रहरीले किराना पसल अघि फोहोर गरेको भन्दै नेपालगञ्जका ५५ वर्षीय कृष्णमुरारी वैश्यमाथि कुटपिट गरेका हुन् ।

नेपालगञ्जबाट व्यापार गर्न आएका उनलाई नगर प्रहरीले मुक्का हानेका थिए । प्रहरीको मुक्का प्रहारबाट उनको मुखमा चोट लागेर रगत बगेको थियो ।

एकाबिहानै पसलअघि आएको नगर प्रहरीको टोलीले आफूलाई पसल अघिको मुख्य सडकमा पानी पोखेको भन्दै सुरुमा लछारपछार गरी मुक्का प्रहार गरेको उनले बताए । उनले भने, 'त्यो पानी माथिबाटै चुहिएर आएको हो, पसल अघि फोहोर पनि थिएन, तैपनि एक्कासी आएर प्रहरीले कुटपिट गऱ्यो, बुहारी नपुगेको भए अझै कुटपिट गर्थ्यो, अब नगर प्रहरीको ज्यादतीविरुद्ध कानुनी उपचार खोज्छु।' आफूमाथि भएको कुटपिटको घटनालाई लिएर नजिकै रहेको प्रहरी चौकी त्रिपुराकोट जाँदा प्रहरीले नगरपालिकामै जानुस् भनेर फर्काएको उनको गुनासो छ । नगर प्रहरीका हवल्दार लोकबहादुर बुढाले पसलअघि भएको फोहोर सफा गर्नुस् भन्दा नमानेपछि घम्साघम्सी भएको नगर प्रहरीले बताएको छ ।

# 'गैंडाकोटलाई समृद्ध नगरपालिका बनाउन लागिपरेका छौं'

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
गैंडाकोट, २० चैत

पूर्वी नवलपरासीको गैंडाकोट नगरपालिकाले विभिन्न पूर्वाधार विकास, कृषि प्रवर्द्धन, स्वास्थ्य सुधार र प्रविधिमैत्री सेवा प्रवाहलाई मुख्य प्राथमिकता दिएर काम गरेपछि नेपालको उत्कृष्ट नगरपालिका बन्दै पुरस्कृत भएको छ । नगरपालिकामा केही समय पहिला प्रमुख प्रशासकीय अधिकृत झविन्द्र खनाल आएसँगै योजनाबद्ध विकास निर्माणका कामहरूमार्फत् समृद्ध गैंडाकोट नगरपालिका निर्माण गर्ने लक्ष्य पूरा हुँदै गएको जनप्रतिनिधिहरू बताउँछन् ।

नगरपालिकाले अहिले कृषि तथा पशुपालन उद्यमशीलतालाई पहिलो प्राथमिकतामा राखेर बेरोजगारी समस्या समधानका लागि नयाँ योजनाहरू अगाडि बढाउँदै आएको छ । 'हाम्रो मुख्य उद्देश्य स्थानीय कृषकहरूको उत्पादनलाई बजारसँग जोड्ने हो, किसानको क्षमता अभिवृद्धि गर्नुका साथै नगरपालिकाको आम्दानी वृद्धि गर्नु रहेको छ। यसका लागि नगरपालिकाले कृषकलाई अनुदान र सहजीकरण प्रदान गर्दै आएको



छ,' प्रमुख प्रशासकीय अधिकृत खनालले बताए ।

नगरपालिकाभित्रका मुख्य सडकहरूमध्ये धेरै सडक कालोपत्रे भइसकेको र केही हुने क्रममा रहेका छन् भने सहायक मार्गका सडकहरूको स्तरोन्नति कार्य भइरहेको प्रमुख प्रशासकीय अधिकृत खनालले जानकारी दिए । सडकको अवस्था सुधार हुँदा नागरिकको दैनिकी सहज बन्दै गएको खनालको भनाइ छ । 'आगामी दिनमा अझै सडक नेटवर्कलाई मजबुत बनाउने योजना राखेका छौं,' खनालले मध्यान्हसँग भने । ग्रामीण नागरिक आवास सुरक्षामा पनि नगरपालिकाले महत्वपूर्ण पहल गरेको छ ।

नगरपालिकाले आधारभूत स्वास्थ्य सेवा र सुरक्षित मातृत्वलाई पहिलो प्राथमिकतामा राखेको छ भने सुद्ध खानेपानी आपूर्ति विस्तार गर्न विशेष ध्यान दिएको छ । सिँचाइ विस्तार गर्दै कृषकको कुलोमा समयमै पानी आपूर्ति गर्ने कार्यक्रमलाई पनि नगरपालिकाले प्राथमिकतामा राखेको छ । 'स्वच्छ खानेपानी र भरपर्दो सिँचाइ सुविधाका माध्यमबाट नागरिकको आधारभूत आवश्यकता पूरा गर्नुका साथै आर्थिक उपार्जनमा टेवा पुऱ्याउने लक्ष्य राखिएको प्रशासकीय अधिकृत खनालले बताए ।

नगरपालिकाले कोल्डस्टोर निर्माण गरी किसानले उत्पादन गरेका कृषि उपहजलाई सुरक्षित गरेको छ । जसले कृषिजन्य उत्पादनको भण्डारण र बजारीकरणमा मद्दत पुऱ्याएको छ । सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने र पारदर्शिता तथा जवाफदेहिता बढाउने नीति मा नगरपालिका अडिग रहेको खनाल बताउँछन् । 'हामीले डिजिटल सेवा प्रवाहमा ध्यान दिएका छौं । नागरिकले सहजरूपमा आफ्ना सेवाहरू प्राप्त गर्न सकुन् भन्ने हाम्रो लक्ष्य हो ।

# इद तथा रामनवमीको अवसरमा शुभकामना आदानप्रदान



**विनोद निगम/मध्यान्ह**
नवलपरासी, २० चैत

इद, चैत दशैं तथा रामनवमीको अवसरमा पाल्हीनन्दन गाउँपालिकाको सभाहलमा विशेष शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रम स्थानीय समुदाय, धार्मिक अगुवा, समाजसेवी तथा जनप्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न भएको हो ।

एकता अन्तर धार्मिक शान्ति सञ्जाल, पाल्हीनन्दनको आयोजना तथा पाल्हीनन्दन गाउँपालिकाको सहकार्य र यूनाइटेड मिसन टु नेपाल नवलपरासी क्लस्टरको सहयोगमा सुनवल सामुदायिक विकास केन्द्रद्वारा संचालित घरेलु हिंसा न्यूनीकरणका लागि सामुदायिक मेलमिलाप तथा संवाद परियोजना अन्तर्गत उक्त कार्यक्रम गरिएको हो। एकता अन्तर धार्मिक शान्ति सञ्जालका उपाध्यक्ष ताजुद्दिन धुनियाँको अध्यक्षता तथा पाल्हीनन्दन गाउँपालिकाका उपाध्यक्ष फातुमा खातुन अन्सारी (सकिना) को प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा मिठाई एक अर्कालाई खुवाउँदै प्रमुख अतिथि अन्सारीले विविधता बीच एकताको सन्देश फैलाउन यस्ता अवसरहरूलाई अझ प्रभावकारी बनाउनु पर्ने बताएकी थिइन् । कार्यक्रममा वक्ताहरूले धार्मिक सहिष्णुता, एकता र मेलमिलापको भावना अझ सुदृढ पार्न यस्ता अवसरहरू उपयोगी हुने बताउँदै समुदायबीचको सम्बन्ध अझ मजबुत बनाउने भन्दै इद र रामनवमीको शुभकामना सन्देश आदान प्रदान गरेका थिए ।

कार्यक्रम जिल्ला प्रहरी कार्यालय नवलपरासीका प्रहरी नायब उपरीक्षक डिएसपी बीरदत्त पन्थ, वार्ड अध्यक्ष गोधन हरिजन, जगदीशप्रसाद गुप्ता, प्रशासन शाखा प्रमुख नन्दलाल प्रजापति, परियोजना संयोजक कृष्ण पाण्डे, सम्पूर्नानन्द मिश्र लगाएतले शुभकामना मन्तव्य राखेका थिए भने कार्यक्रम सञ्चालन पत्रकार रंजीत शर्माले गरेका थिए ।

# सगरमाथा आधार शिविरमा लेक लागेर श्रमिकको मृत्यु



**सोलुखुम्बु/मस–** सगरमाथा आधार शिविरमा एक नेपाली श्रमिकको ज्यान गएको छ। ज्यान गुमाउनेमा दोलखाको गौरीशंकर गाउँपालिका-९ का ५५ वर्षीय लानिमा शेर्पा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेका अनुसार शेर्पा जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिका-४ स्थित सगरमाथा बेस क्याम्पमा काम गर्दै आएका थिए । यही चैत १७ गते साँझ साढे ७ बजे लेक लागेर बिरामी परेका शेर्पालाई घोडामार्फत खुम्जुङ स्वास्थ्य चौकी लैजाने क्रममा चैत १८ गते थुक्लामा ज्यान गएको प्रहरीले जनाएको छ।

शवको कानुनी प्रक्रिया पूरा गरी मृतकको शव परीक्षणका लागि अल्टिच्युट हेलिकप्टरमार्फत टिचिङ अस्पताल काठमाडौं लगिएको थियो । शव परीक्षणपश्चात चैत १९ गते मृतकको शव उनका भतिजा पेमाछिरी शेर्पाले बुझी लगेका छन् । घटनाको विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पत्रकार महासंघ रामेछापले रजकको परिवारलाई आर्थिक सहयोग गर्ने

**रामेछाप/मस–** काठमाडौंको तीनकुनेमा राजावादीहरूले गरेको आन्दोलनमा आगो लगाएर हत्या गरिएका पत्रकार सुरेश रजकको परिवारलाई नेपाल पत्रकार महासंघ रामेछापले आर्थिक सहयोग गर्ने भएको छ। पत्रकार महासंघ रामेछाप शाखाले जिल्लामा क्रियाशील पत्रकारहरूबाट स्वेच्छिकरूपमा आर्थिक संकलन अभियानसमेत मंगलबारबाटै सुरु गरेको छ ।

मंगलबार महासंघ रामेछापले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा महासंघका पूर्व अध्यक्ष टीकाप्रसाद भट्टले रजकको



परिवारलाई सान्त्वना दिन र 'हामी साथमै छौं' भन्ने आभास दिलाउन आर्थिक सहयोग जुटाएर प्रदान गर्ने कार्यक्रम उत्तम हुने बताए । 'हामीले सकेजति सहयोग गरौं, रजकको परिवारसम्म त्यो सहयोग पुऱ्याऔं, हामीले रजकको परिवारको भरोसा टुट्न दिनु हुँदैन,' भट्टले भने ।

एउटा पत्रकारको परिवारलाई पीडा पर्दा अर्को पत्रकारले सहयोग गर्ने राम्रो बानी बसाल्नसमेत यो अभियान सुरु गरिएको पत्रकार महासंघ रामेछापका अध्यक्ष दीपककुमार घिमिरेले बताए । उनले भने, 'हामीले सुरु गरेको यो अभियानले देश विदेशमा स्थान पाओस् ताकी पत्रकारितामा लाग्नेहरूले हाम्रो संस्थालाई अभिभावक सम्झन सकोस् ।'

**Jayaprithvi Municipality**
**Office of the Municipal Executive**
**Chainpur, Bajhang**

**Invitation for Electronic Bids**

**Date of publication: 2081/12/21**

Method of Procurement: NCB, Eligibility Procedure

1. Jayaprithvi Municipality, Bajhang invites electronic bids for following works from Nepalese eligible bidders for following works under NCB procedures. The estimated amount and the summary for the work is given below.

| S. N. | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) [Excluding VAT and Contingencies] | Bid Security amount (Nrs) | Bid Security Validity Period | Bid Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | JPM-NCB-11-2081/082 | Pagarpani Lamarkot Sichai Construction Work | 3851648.10 | 116000 | 120 days | 3000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Jayaprithvi Municipality, Office of the Municipal Executive, Chainpur, Bajhang. Email Address: jpmunicipality2014@gmail.com, Contact No: 092421064, 9868861828, 9858490254 or may visit PPMO website www.bolpatra.gov.np.

| Cash Deposit for Bid Fee | | Cash Deposit for Bid Security | |
|---|---|---|---|
| Account Name | JAY APRITHIVI NA.PA. (GA-1-1)-AANTARI | Bank | Rastriya Banijya Bank, Bajhang |
| Account Number: | 4110100301010004 | Account Number | 4110100303000004 |
| Office Code | 801077001 | Office Code | 801077001 |
| Bank | Rastriya Banijya Bank | Revenue Head | |

3. Purchase, Submission and Opening

| Last date of Bid Purchase | Last Date of Submission | Bid Opening |
|---|---|---|
| Date and time | Date and Time | Date and Time |
| 2082/1/21 12:00 | 2082/1/21 12:00 | 2082/1/21 14:00 |

**Chief Administrative Officer**



VACANCY
ANNOUNCEMENT

A leading foreign recruitment agency is seeking the following position urgently.

**JAPANESE DOCUMENTS HANDLER-1** (M/F)
- A staff who can fluently Communicate With japanese Clients, Read and Write too.

**RECEPTIONIST-2** (Female)
- 2 Years experienced in related fields.
- Experienced in Photoshop & Excel.

Salary Negotiable

Govt. Lic. No.: 1253/074/075

**THE GLOBAL RECRUITMENT AGENCY PVT.LTD.**
महाराजगंज चक्रपथ, धारापाटी, काठमाडौं, नेपाल,
Tel No:4965983, 9801090469, 9808169970

**Kuwait मा रोजगार** Alfares Gardens For Flowers And Plants

पुनः विज्ञापन, पूर्व स्वीकृती मिति: २०८०/१२/१० चलानी नं. ६०२१७१०३ LT# 302362

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labor | 4 | साधारण | 95 | ४८,६००/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८१ चैत्र २८ गते (10 April, 2025) यस प्रा. लि. को कार्यालय तिनकुने काठमाडौंमा हुनेछ ।

**बैभव ओभरसिज प्रा. लि.** श्रम इजाजत नं.: ३७३/०५९/६०
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), फोन : ०१-४१०६२६४, ४१०६२६५
९८२३२५४८७७, ९७४५९४२०८७, E-mail : baibhav.ovs@gmail.com

**युएईमा रोजगार** | कम्पनी : SI JI TECHNICAL SERVICES CO L.L.C. शहर: UAE,DUBAI
पूर्व स्वीकृत मिति: २०८१/१२/१८ चलानी नं.: ६०२३५५३५ LT. No.: 321174

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Stone Mason | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Labour | 2 | 0 | | 900 | २९,७२० | | | | | | | |
| 3. | Carpenter | 1 | 0 | | 1200 | ४४,५८० | | | | | | | |
| 4. | Plaster | 2 | 0 | | 1200 | ४४,५८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २८ गते (10 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**स्काई ब्रिज ओभरसिज प्रा. लि.** श्रम इजाजत नं. ११६६/०७३/०७४
फोन नं.: ०१-४५६९२७०, काठमाडौं, नेपाल
Email: skybridgeoverseas2017@gmail.com, सम्पर्क नं. : 9813022647, 9846194102, 9823607739

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२१ चैत २०८१ बिहीबार
3 April 2025, Thursday

## सम्पादकीय

# अपमानित शिक्षक !

शिक्षक महासंघको आह्वानमा देशभरका शिक्षकहरू राजधानी काठमाडौंको सडक प्रदर्शनमा उत्रिएका छन् । यसअघि २०८० भदौमा पनि शिक्षकहरूले यस्तै प्रदर्शन गरेका थिए । सरकारले माध्यमिक शिक्षा ऐनसम्बन्धी विधेयक ल्याएपछि असन्तुष्ट शिक्षकहरू प्रदर्शनमा उत्रिएका थिए । पठनपाठन रोकेर सडकमा उत्रिएका शिक्षकहरूसँग त्यसबेला सरकारले ६ बुँदे सहमति गरेको थियो । सहमतिपछि शिक्षकहरू आ–आफ्ना विद्यालय फर्किएका थिए । तर, ४ लाख शिक्षक/कर्मचारीको माग सम्बोधन नभएको भन्दै शिक्षकहरू फेरि सडक प्रदर्शनमा उत्रिएका छन् । संसद् अधिवेशन चलिरहँदै शिक्षकहरूले चेतावनीसहित आन्दोलनका कार्यक्रम घोषणा गरेका थिए । सरकारले शिक्षकहरूको माग सम्बोधन हुनेगरी कानुन बनाउने प्रक्रिया अगाडि बढाएन । माग सम्बोधन नभएपछि शिक्षकहरू सडक प्रदर्शनमा उत्रिएका छन् ।

सडक प्रदर्शनमा उत्रिएका शिक्षकहरूसँग गुनासै गुनासा छन् । संघीय शिक्षा ऐन माग गरिरहेका शिक्षकहरूलाई सबैभन्दा बढी पीडा सरकारले अपहेलना गरेकामा छ । संघीय शिक्षा ऐन नल्याएर माध्यमिक विद्यालय विधेयकमार्फत शिक्षकहरूको अपहेलना गरिएको महासंघको ठहर छ । स्थानीय तहमार्फत शिक्षकहरूलाई राख्ने प्रस्तावमा ठूलो असहमति छ । उनीहरूका मागबमोजिम शिक्षकहरूलाई जिल्ला शिक्षा कार्यालय, प्रदेश र संघअन्तर्गत राखिनुपर्छ । स्थानीय तहअन्तर्गत राख्दा शिक्षकहरूमाथि राजनीतिक प्रतिशोध साँधिने संभावना बढी रहेको उनीहरूको निष्कर्ष छ । त्यसैले, स्थानीय सरकारअन्तर्गत बस्न शिक्षकहरूले आपत्ति जनाइरहेका छन् । आन्दोलनरत शिक्षकहरूसँग अरू नियमित सेवा, सुविधा र अवसरका मागहरूको उत्तिकै ठूलो चाङ छ ।

अस्थायी शिक्षकहरूलाई उमेर हद हटाएर स्थायीको प्रक्रियामा लगिनुपर्ने अथवा गोल्डेन ह्यान्डसेकसहित बिदा गरिनुपर्ने माग राखेका छन् । २०७५ सालमा स्थायी भएका शिक्षकहरूलाई अस्थायी सेवाकै समय राखेर निवृत्तिभरण दिइनुपर्ने, आधारभूत शिक्षालाई विद्यालय शिक्षाकै दायरामा ल्याइनुपर्नेलगायत माग शिक्षकहरूले राखेका छन् । तर, यस पटक पनि शिक्षकहरूको माग उधारै हुने संभावना छ किनकि हिउँदे अधिवेशन अन्त्य भइसकेको छ । बजेट अधिवेशन बोलाउन अब केही समय लाग्ने छ । यदि शिक्षकहरूको माग सम्बोधन गर्ने हो भने अध्यादेशको बाटो अपनाउनुपर्ने हुन्छ । तर, यसैबेला प्रधानमन्त्री केपी शर्मा ओली देशबाहिर छन् । यसर्थ, फेरि पनि शिक्षकहरूको माग सहज सम्बोधन हुने देखिँदैन । शिक्षकहरूले सडक प्रदर्शन गरिरहेको दृश्यले बालबालिको मनोविज्ञानमा नराम्रो छाप पर्ने छ भने देशकै पनि इज्जत बढ्ने छैन । त्यसैले, शिक्षकहरूको माग सम्बोधन गर्न यथाशक्य पहल लिइनुपर्छ । शिक्षक महासंघका नेतृत्वमा रहनेहरूले पनि गम्भीर बन्नु जरूरी छ ।

# अनुगमन र उपभोक्ताको अधिकार

*कालोबजारी, खाद्य मिसावट, म्याद नाघेका खाद्य तथा पेय पदार्थको विक्री वितरण भएको गुनासा निरन्तर बढ्दै गएका छन् । सरकारले हरआर्थिक वर्षमा निरन्तर छड्के अनुगमन गरे पनि त्यसको खास अर्थ देखिएको छैन...*

अग्रलेख



● डा. सुमनकुमार रेग्मी

केन्द्रीय तहले उपत्यकामा बजार अनुगमन गरे पनि जिल्ला-जिल्लामा प्रभावकारी रूपमा अनुगमन हुन सकेको छैन । संघीय संरचनाअनुसार बजार आर्थिक वर्ष २०७४/०७५ पश्चात् अनुगमन निरीक्षण र उपभोक्ता सचेतना कार्यक्रम सबै स्थानीय निकायले हेर्ने भनिएको छ तर सोअनुसार संयन्त्र नबन्दा अनुगमन हुन सकिरहेको छैन ।

उपभोक्तासम्बन्धी धेरै ऐन, नियम भए पनि कार्यान्वयनमा नआउँदा उपभोक्ता ठग्ने व्यवसायीहरू जालीबाट माछा फुत्किएको जस्तै भई आएका छन् । उपभोक्ता संरक्षण ऐन, २०७५ कालोबजारी तथा सामाजिक अपराध ऐन, बजार प्रतिस्पर्धात्मक ऐन, खाद्य ऐन, गुणस्तर तथा नापतौल ऐनलगायतका अरू सम्बन्धित ऐनहरू भए पनि कार्यान्वयनमा नआउँदा बजार व्यवस्थित हुन सकेको छैन ।

देश संघीयतामा प्रवेश गरेपश्चात् स्थानीय सरकारका निकायले अनुगमन गरिने वस्तु तथा सेवाहरूमा होटेल, लज, रेस्टुराँ, खाजा घर, शैक्षिक सामग्री, निर्माण सामग्री, इन्धन, कृषि औजार, खाद्यान्न, माछा, मासु, तरकारी, दैनिक उपभोग्य वस्तु, औषधि, स्वास्थ्य सेवा, रासायनिक मल, विषादी, बिउ बिजनलगायतका अन्य क्षेत्र परेका छन् ।

स्थानीय सरकार संचालन ऐन, २०७४ वा गाउँ-नगर सभाबाट स्वीकृत कानुनमा व्यवस्था भएकामा सोहीबमोजिम अन्यथा प्रचलित कानुन जस्तै उपभोक्ता हित संरक्षण ऐन नियम, खाद्य ऐन नियम, औषधि विक्री वितरणसम्बन्धी ऐन-नियम, कालोबजारी तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐन, मासु जाँच ऐनलगायतका अरू कानुनहरूका अधीनमा रही बजार अनुगमनबाट दोषी देखिएमा व्यवसायीलाई कानुनी कारबाही र उपर्युक्त दण्ड सजायको व्यवस्था गरिएको देखिएको छ ।

नयाँ व्यवस्थाअनुसार स्थानीय सरकारका निकायले पनि वस्तुका मिसावट र गुणस्तरहीन कम तौल भएको पाइएमा आवश्यकताअनुसार त्यस्ता वस्तु जफत गर्न सक्ने छन् । गाउँ वा नगरपालिकाबाट गरिने अनुगमन निर्देशानुसार बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा सेवा वा वस्तु राखेको ठाउँको नियमानुसार जाँचबुझ वा खानतलासी गर्न सक्ने छन् ।

जाँच पड्तालबाट वस्तु वा सेवाको विक्री वितरणमा नाजायज कार्य गरेको भेटिएमा आवश्यकताअनुसार त्यस्तो सेवा वा वस्तुका उपयोग वा विक्री वितरणमा रोक लगाउन सक्ने छन् ।

गाउँ वा नगरपालिकामा अनुगमन टोलीले वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापनका व्यापारिक कार्य अनुगमन गर्ने, कालोबजारी, एकाधिकार, मिलेमतोपूर्ण भाउ निर्धारण, कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्नेजस्ता गैरप्रतिस्पर्धी व्यापारिक कार्य भए/नभएका गरे/नगरेका अनुगमन गर्ने छ ।

बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार बनाउन प्रचलित कानुनको कार्यान्वयनमा जोड दिने, उपभोक्ता शिक्षासम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना बनाई उपभोक्ता हित संरक्षणको कुरालाई विशेष प्राथमिकता दिइने कुरा निर्देशिकामा उल्लेखित छ । उपभोक्ताको स्वास्थ्य सुविधा र आर्थिक हित राख्ने, उपभोग्य वस्तु वा सेवाको गुणस्तर कायम राख्ने निर्देशिकामा उल्लेख छ ।

साथै, मूल्यको अनियमयताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न व्यवसायीका कारोबार दर्ता, आपूर्ति, गुणस्तरलगायत कार्य नियमन स्थानीय सरकारको निकायले गर्ने छन् ।

तर, उपत्यकामा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, नापतौल विभागले अनुगमन गर्छन् । जिल्लाका हकमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा विभागका प्रतिनिधि, घरेलु, पालिकाको टोलीबाट अनुगमन गर्ने प्रावधान निर्देशिकामा उल्लेख छ ।

निर्देशिकाअनुसार गाउँपालिका र नगरपालिकाका उपाध्यक्ष र उपप्रमुखको संयोजकत्वमा उपभोक्ता हित संरक्षण समिति गठन गरिने भनिएको छ । स्थानीय सरकारका निकायले बजार अनुगमनसँग उपभोक्ता सचेतना कार्यक्रम संचालन गर्ने छन् ।




बजार अनुगमनका क्रममा मिसावट, गुणस्तरहीन, कम तौलको सामान विक्री गरेको प्रमाण देखिएमा तत्काल बन्द गर्न सक्ने अधिकार स्थानीय निकायलाई दिएको छ । उद्योगी, व्यवसायीले गैरकानुनी क्रियाकलाप गरेको पाएमा स्थानीय निकायले फर्म बन्द गर्नसमेत सक्ने छन् । बजार अनुगमन प्रभावकारी नभएको अवस्थामा अब कडा रूपमा अनुगमन गरिने प्रकाशमा आएको छ । अब अनुगम नगरी पुनः अनुगमन गरिने भनिएको छ । पहिले गरी आएको अनुगमन नाम मात्रको भएको आवाज आएका बेला अब सरकारी एक पक्षले गरेको अनुगमनमाथि सरकारी निकायले अनुगमन गरिने भनिएको छ ।

हालसम्म भएका अनुगमन गरिएका कार्यको विवरण एकत्रित गरिने भनिएको छ । अनुगमनका क्रममा नीतिगत र संरचनागत अवरोधलाई समाधान गर्न अनुगमनलाई प्रभावकारी रूपमा गरिने भनिएको छ । अनुगमन आफैं चुनौतीपूर्ण रहेकाले नीतिगत समस्या र साधन स्रोतको अभाव हुन नहुने बताइएको छ ।

चालूमा भएका खाद्य ऐन जस्तै अरू कानुन काम गर्न प्रभावशाली नभएको देखिन्छ । देश संघीय संरचनामा गएसँगै अनुगमनको काम र अधिकार प्रदेश र स्थानीय सरकारका निकायमा जाने र उपभोक्ता अदालतको व्यवस्था हुन भएकाले अब गरिने अनुगमन प्रभावकारी हुन सक्छ तर, उपभोक्ता अदालत २०८१ सालमा गठन भएको छ ।

धेरैजसो सरकारी कार्यालयमा जस्तै : शिक्षा, स्वास्थ्य, यातायातमा अनुगमन निकाय शाखा भए पनि सबै प्रभावहीन रहेका देखिन्छ, जहाँबाट अनुगमन कार्य गरे पनि प्रभावकारी नरहेको र दोषी भाग्न पाउने अवस्था भएकाले उन्मुक्ति पाउँदै आएका छन् ।

अब अनुगमन कार्यलाई नयाँ चिराबाट अगाडि बढाइने भनिएको छ । कमजोर कानुन र विभागका सीमित अधिकारका कारण दोषीमाथि कारबाही गर्नेभन्दा सरकारी अधिकारी नै व्यापारी उद्यमीप्रति मिलेको पाइएको छ ।

नेपालमा उपभोक्ता हित संरक्षण गर्नका लागि नीतिगत व्यवस्था नभएको होइन । कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, उपभोक्ता संरक्षण ऐन, २०७५, उपभोक्ता संरक्षण नियमावली, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३, संयुक्त बजार अनुगमन निर्देशिका, २०६९ लगायतका व्यवस्था छन् भने २०७२ सालको संविधानअनुसार उपभोक्ताको हकअन्तर्गत प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने र गुणस्तरहीन वस्तु तथा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने व्यवस्था गरेको छ ।

तर, यी ऐन तथा कानुन कार्यान्वयनमा नआउँदा बजार व्यवस्थित हुन सकेको छैन । बजारमा भने कालोबजारी, खाद्य मिसावट, म्याद नाघेको खाद्य तथा पेय पदार्थको विक्री वितरण भएको गुनासो निरन्तर बढ्दै गएपछि सरकारले हरआर्थिक वर्ष निरन्तर छड्के अनुगमन गर्दै आएको छ ।

सरकारले महँगी, कालोबजारी, कृत्रिम अभाव नियन्त्रण गरी उपभोक्तालाई राहत दिने प्रतिबद्धता व्यक्त गरे पनि उपभोक्ता भने महँगीको मारमा परिरहेका छन् । माथिल्लो निकायको दबाब, व्यवसायीबीचको मिलेमतो, फितलो कानुनको फाइदा उठाउँदै उपभोक्ता ठग्ने व्यापारीले उन्मुक्त पाउँदै आएका छन् । सरकारले बजार अनुगमन गरे पनि त्यसको महसुस उपभोक्ताले पाउन सकेका छैनन् ।

उपभोक्ता हित संरक्षण ऐन, २०७५ मा पनि उत्पादकले उपभोग्य वस्तुका लेबलमा उत्पादकको नाम, ठेगाना, उद्योग दर्ता नम्बर, खाद्य पदार्थ, औषधि जस्ता उपभोग्य वस्तुमा उक्त वस्तुका मिश्रण, त्यसको परिमाण र तौल, गुणस्तर निर्धारण भएको उपभोग्य वस्तुमा त्यसको अवस्था अनिवार्य उल्लेख हुनुपर्ने भनिएको छ ।

उपभोग्य वस्तु उपभोग गर्ने तरिका र उपभोग गरेबाट हुन सक्ने प्रभाव, वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति, उपभोगको म्याद सकिने मिति उल्लेख गरिनुपर्छ । ऐनमा लेबल नराखी विक्री वितरण गरे/गराउनेलाई २ वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिमाना वा दुवै सजाय हुन सक्छ । तर, अनुगमनका क्रममा अधिकांश व्यावसायिक फर्ममा कैफियत भेटिए पनि कारबाही हुन सकेको देखिँदैन ।

उपत्यकामा मात्र अनुगमन केन्द्रित गरेकाले जिल्ला तथा स्थानीय तहमा बजार अनुगमन न्यून रूपमा हुँदै आएको छ । स्थानीय सरकारका निकायलाई अनुगमन र कारबाहीको अधिकार दिएको छ । सरकारले उपत्यकामा मात्र ध्यान दिँदा जिल्लामा व्यवसायीहरूले खाद्यान्नमा चर्को मूल्यमा म्याद नाघेको, लेबल नभएको सामान खरिद गर्दै आएका छन् ।

अनुगमन प्रभावकारी नहुँदा ठूला व्यवसायीले म्याद नाघेका सामानहरू दुर्गम क्षेत्रका पठाउने गरेका छन् । गुणात्मकभन्दा संख्यात्मक अनुगमनलाई प्राथमिकता दिँदा बजार स्वच्छ हुन नसकेको उपभोक्ताकर्मीहरू बताउँछन् । नेपालमा पर्याप्त खाद्य अधिकार र अनुगमनमा चुनौती रहेका छन् । देशमा राजनीतिक अस्थिरता र संकटकाल अन्त्य भए पनि उपभोक्ता अधिकार पनि कुण्ठित हुनबाट कम भएको छैन । कुनै बहानामा फाइदा उठाउँदै बजारमा दैनिक उपभोग्य वस्तुका कृत्रिम अभाव र बढी मूल्य लिने प्रवृत्तिमा कमी आएको छैन ।

## इतिहासमा आज

३ अप्रिल १७७६ मा जर्ज वासिंगटनले हार्वर्ड कलेजबाट मानार्थ एलएलडी डिग्री प्राप्त गरेका थिए ।



३ अप्रिल १७८३ मा अमेरिका र स्विडेनबीच मैत्री र वाणिज्य सन्धिमा हस्ताक्षर भएको थियो ।



३ अप्रिल १९२२ मा भ्लादिमिर लेनिनले जोसेफ स्टालिनलाई रुसी कम्युनिस्ट पार्टीको महासचिव नियुक्त गरेका थिए ।



३ अप्रिल १९५७ मा सोभियत संघले वायुमण्डलीय आणविक परीक्षण गरेको थियो ।



# तीनकुने घटना र क्रान्तिकारी शक्ति

विचार



● लेखराज रेग्मी

*के नेपालका कम्युनिस्ट र र्‍याडिकल डेमोक्रेटिकहरू देश र जनताप्रति इमान्दार बन्न सक्लान् वा कुनै व्यवस्थित क्रान्तिकारी धाराको पुनर्गठन सम्भव होला ? यो एउटा ज्वलन्त प्रश्न नेपाली राजनीतिमा सबैको ध्यान तान्नेगरी तीनकुने घटनाबाट मुखरित भएको महसुस भइरहेको छ...*

यतिबेला राजसंस्थावादीहरूले गरेको तीनुकने प्रदर्शनले मुलुकको राजनीतिमा केही तरंग उत्पन्न भएको छ । यो घटनालाई लिएर अनेक खालका टीका टिप्पणी भइरहेका छन् । यसमा दोषी को ? यसबाट सिक्ने पाठ के ? जस्ता विषयमा विवेचना भइरहेका छन् ।

पूर्वपञ्चहरूलाई बहुदल र गणतन्त्रमा काखी च्याप्नेदेखि टाउकोमा चढाउने काम तत्कालीन स्थितिका आत्मघाती आपराधिक कार्य नै थिए । यसले सरकारमा रहने, पुग्नेहरूप्रति जनताका बीचमा जुन छाप बस्यो, यो व्यवस्थाकै लागि प्रतिकूल हुनु स्वाभाविक थियो ।

जनताको मनोबल गिर्ने र पश्चगामीहरूको मनोबल बढ्ने यस्ता कामप्रति उत्पादक हुने छन् भन्ने हेक्का नरहनु, दम्भ, लालसा, अहंकार, भ्रष्ट चरित्र निर्माण भइसकेपछि यस्तो स्थिति पैदा हुनु स्वाभाविक थियो । तीनकुने घटनाका लागि यस कारण जनताको नजरमा उनीहरू दोषी देखिनु अन्यथा होइन ।

तर, विडम्बना के हो भने, यतिबेला जनताको नजरमा भर पत्यार गर्न लायक कुनै पनि शक्ति सतहमा मुखरित छैन । जनताको अगुवाइ गर्न र जनतामा अपिल गर्न कुनै राजनीतिक वैचारिक शक्ति स्थापित छैन । यो नै यस्तो खतरनाक स्थिति हो, जसले गर्दा जनताको मनोबल कमजोर बनाएको छ । यो स्थिति पश्चगमनका लागि अनुकूल र मनोबल बढ्ने खालको हुनु स्वाभाविक छ ।

सरोकारवालाहरूले पटक-पटक छलफलहरूमा पुनरुत्थानवाद खतरा बन्न सक्छ भनेर विषय उठान गरेका छन् । यसका लागि केही तथ्यहरू उल्लेख भएका छन् । तर, यसमा नेतृत्वबाट दम्भपूर्ण जबाफहरू मात्र पाउने अवस्था बन्यो ।

२०६४ सालदेखि नै खासगरी गणतन्त्र घोषणापछि पटक-पटक राजाले शक्ति सन्तुलनको नापजोख गरेको विषयलाई हेक्कापूर्वक उठाइएको छ । विस्तृत शान्ति सम्झौतापछि लगातार खबरदारी मात्र भएको छैन, जनयुद्धको समयमा नै खासगरी संकटकालको समयमा राजा र संसद्वादीहरूमा बढेको विश्वासको खाडलकै कारण वैदेशिक शक्तिहरू शान्ति वार्ता र आन्दोलनको पक्षमा आए पनि माओवादीविरुद्ध षडयन्त्र चलाएको देखिन्छ ।

टीआरसीलाई जसरी गलपासो बनाइएको छ, यसले पनि अवस्था प्रस्टयाउँछ । स्वयं माओवादी नेतृत्व पंक्तिमा त्यस प्रकारको गाम्भीर्य कुनै पनि समूह वा गुटहरूमा देखिएन । नेपाली कांग्रेसभित्र प्रदीप गिरिको माओवादीले हार्दा एमाले कांग्रेसले पनि हार्छ भन्ने चेतावनीप्रति कुनै सजगता र गम्भीरता देखिएन ।

एमालेको नेतृत्व पंक्तिमा समेत गम्भीरताको ठाउँमा छुद्रताले प्राथमिकता पायो र यो स्थिति केपी शर्मा ओलीको नेतृत्व स्थापित भइसकेपछि झनै बढेर गयो । नेपाली राजनीतिमा फसिज्मको रुझान देखिन थालेपछि हामीबाट खबरदारी नभएको होइन ।

यो स्थितिमा पुनरुत्थानका लागि ऐतिहासिक रूपमा सबैभन्दा अनुकूल स्थिति बन्नुमा संसदीय धारा र संसदीय अभ्यासमा जीवन देखिरहेका कम्युनिस्ट शक्तिहरू र उनका अदूरदर्शी क्रियाकलापहरू जिम्मेवार छन् ।

साम्राज्यवादीहरू बाम धारामा विभाजन र अनुकूल तत्त्वहरूको खोजीमा छन् । यसबाहेक उनीहरू संसदीय शक्तिभित्र विभाजन गर्दै पश्चगामी पुनरुत्थानवादीहरूसँगको एकता र चुनाव वा फरक तरिकाले कठपुतली सत्ता स्थापित गर्ने योजनामा काम गरिरहेका छन् ।

हिन्दु अतिवाद, संघीयताको विरोध, जातीय विग्रहको क्षेत्रमा सुनियोजित काम भइरहेका छन् तर पनि उनीहरू केही अस्थिरता पैदा गर्ने र जनतामा अविश्वास पैदा गर्नेभन्दा बढी उपलब्धिको सायद अपेक्षा गर्न सक्दैनन् ।

भरपर्दो तथा आकर्षक नेतृत्व सबल संगठित समूह र जनताको विश्वास प्राप्त गरिहाल्ने परिस्थितिको प्रतिकूलताका कारण यो अभ्यास उनीहरूको आकांक्षाको सेमिफाइनल गेम पनि बन्न सकिरहेको छैन । यस कारण थोरै क्षति र विध्वंशपश्चात् आफ्नो बार्गेनिङ पोजिसनको टेस्टसँगै केही समयमा स्थिति सामान्य बन्ने छ ।

तर, यसलाई संसदीय शक्तिहरूले गम्भीर चुनौतीका रूपमा बुझ्न र स्थितिलाई सम्हाल्न सजगता बढाएनन् भने देशले छिट्टै गम्भीर चुनौतीको सामना गर्नुपर्ने छ । के नेपालका कम्युनिस्ट र र्‍याडिकल डेमोक्रेटिकहरू देश र जनताप्रति इमान्दार बन्न सक्लान् वा कुनै व्यवस्थित क्रान्तिकारी धाराको पुनर्गठन सम्भव होला ? यो एउटा ज्वलन्त प्रश्न नेपाली राजनीतिमा सबैको ध्यान तान्नेगरी तीनकुने घटनाबाट मुखरित भएको महसुस भइरहेको छ ।


अहिले गम्भीर बहसहरू जन्मिएका छन् र पुरानै ढंगले समाधान खोज्नु मूर्खता मात्र साबित हुने छ ।

## सामाजिक सञ्जाल




डम्बर खतिवडा

राजावादी उपद्रोपछि कांग्रेस-कम्युनिस्टलगायत संसद्मा भएका दलहरू गम्भीरतापूर्वक जनअसन्तुष्टि सम्बोधन गर्न अल्पकालीन तथा दीर्घकालीन सुधारतिर लाग्नपर्नेमा यी त प्रतिकारका नाममा 'पञ्च र्‍याली' गर्नतिर पो लागे । अनुहारको धुलो ऐना पुछेर सफा गर्न खोज्ने यिनको चरित्र कहिल्यै नजाने रै'छ ।



प्रेमकान्त अधिकारी

अभिव्यक्तिको उपयोग प्रयोग शब्द वाक्यहरू उच्चारण गर्दा आफ्नो मर्यादालाई ध्यान दिएदेखि अलि उच्च स्थान, स्तर कायम हुन्थ्यो र उपस्थित जनसमुदायमा नेताप्रति केही आकर्षण हुन्थ्यो, असल विचार सिक्थे, जान्थे कि ! संजाल हेर्दा, देख्दा, सुन्दा पनि न्यून तुच्छ संकीर्ण छुद्र स्तर भयो ।



केशव दाहाल

साथीहरू ! गणतन्त्रलाई बलियो नै बनाउने भए सबैभन्दा पहिले आफ्नै नेताको अनुहारमा लागेको हिलो पखालौं, उसको वादमा आफूलाई दासबाट सार्वभौम कार्यकर्तामा रूपान्तरण गरौं, त्यसपछि शासकलाई भुइँतिर हेर्न भनौं र गणतन्त्रभित्र आशाको उज्यालो बालौं । मोटरसाइकल र्‍यालीले त प्रदूषण मात्र बढ्छ ।



कृष्ण घिमिरे

संविधान र गणतन्त्र खतरामा छ, यिनीहरूकै कारणले । कारण यिनीहरूको ३५ वर्षे कुशासन, भ्रष्टाचार र मनपरीतन्त्र । कारक यिनीहरू नै हुन्, निःसन्देह । दुर्भाग्य ! विवेचना, छलफल र समीक्षा त्यता डोर्रिँदैन । गणतन्त्र र संविधानको नाम बेच्यो, मनपरी गर्‍यो । संविधान र गणतन्त्र खतरामा छ, यिनीहरूकै कारणले ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# एभरेष्ट बैंक लिमिटेड बिरगंज, दुहवी, जनकपुर, बागलुङ, बाँसगढी र धादिङ शाखा कार्यालयको तपशिलमा उल्लेखित ऋणीहरुलाई ऋण कर्जा चुक्ता भुक्तानी गर्न आउने बारेको ३५ दिने सूचना

**प्रकाशित मिति : २०८१/१२/२०**

यस एभरेष्ट बैंक लि. **बिरगंज, दुहवी, जनकपुर, बागलुङ, बाँसगढी र धादिङ** शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको विभिन्न ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रूपमा सूचना गरी ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तानी गर्न आउनुहुन यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस) दिन भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरु**मा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तानी गर्नुहोला। यसरी दिईएको उक्त समयावधी भित्र कर्जा नियमित वा चुक्ता गर्न नसके बैंकले अन्य कानूनी कारवाही अवलम्बन गरी कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै तपसिलका ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षणमा व्यक्तिगत जमानी दिने तपसिल बमोजिमका व्यक्तीहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ।

**शाखा कार्यालयः बिरगंज फोन नः ०५१-५२७१६३**

**१. ऋणीको विवरण**

श्री जुठी राउत अहिरको नाति, सत्यनारायण राउत अहिरको छोरा पर्सा जिल्ला, बिरगंज म.न.पा. वडा नं. १२ (साबिक लखनपुर गा.वि.स वडा नं. ९) स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ३९ को (ना.प्र.नं. ५२८०१९१६, जारी मिति २०५९/०३/२०, जिल्ला पर्सा) **श्री अजय कुमार यादव .....१**, श्री जुठी राउत अहिरको नाति, सत्यनारायण राउत अहिरको छोरा पर्सा जिल्ला, बिरगंज म.न.पा. वडा नं.१२ (साबिक लखनपुर गा.वि.स वडा नं. ९) स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ४० को (ना.प्र.नं. ५२८०१९१५, जारी मिति २०५९/०३/२०, जिल्ला पर्सा) **श्री संजय कुमार यादव....१**, श्री जुठी राउत अहिरको नाति, सत्यनारायण राउत अहिरको छोरा पर्सा जिल्ला, बिरगंज म.न.पा. वडा नं. १२ (साबिक लखनपुर गा.वि.स वडा नं. ९) स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ३३ को (ना.प्र.नं. ३४१०४४/११३, जारी मिति २०६६/१०/२१, जिल्ला पर्सा) **श्री अश्विनी कुमार यादव...१** र श्री जुठी राउत अहिरकी बुहारी, रामलखन राउत अहिरकी छोरी, सत्यनारायण राउत अहिरकी पत्नी पर्सा जिल्ला, बिरगंज म.न.पा. वडा नं. १२ (साबिक लखनपुर गा.वि.स वडा नं. ९) स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ५७ को (ना.प्र.नं. ३४३०४४/३९०, जारी मिति २०६३/१२/२५, जिल्ला पर्सा) **श्रीमती विदया देवी....१** समेत जना चार (४)।

**व्यक्तिगत जमानी दिनेहरुको नाम, थर, ठेगाना**

१) श्री बाबु लाल राउत अहिरको नाति, जुठी राउत अहिरको छोरा पर्सा जिल्ला, बिरगंज म.न.पा. वडा नं. १२ (साबिक लखनपुर गा.वि.स वडा नं ९) स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ६७ को (ना.प्र.नं. ५२८०१०४५, जारी मिति २०३८/०४/२९, जिल्ला पर्सा) **श्री सत्यनारायण राउत अहिर ।**
२) श्री सत्यनारायण राउत अहिरकी बुहारी, महन्थ राउत अहिरकी छोरी, श्री अजय कुमार यादवकी पत्नी पर्सा जिल्ला, बिरगंज म.न.पा. वडा नं. १२ (साबिक लखनपुर गा.वि.स वडा नं. ९) स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष २८ की (ना.प्र.नं. ३४-०१-७२-०७००४, जारी मिति २०७२/११/३०, जिल्ला पर्सा) **श्रीमती रमिता कुमारी यादव ।**

**धितोमा रहेको सम्पत्तिको विवरण**

१) श्री जुठी राउत अहिरकी बुहारी, रामलखन राउत अहिरकी छोरी, सत्यनारायण राउत अहिरकी पत्नी पर्सा जिल्ला, बिरगंज म.न.पा. वडा नं. १२ (साबिक लखनपुर गा.वि.स वडा नं. ९) स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ५७ को (ना.प्र.नं.३४३०४४/३९०, जारी मिति २०६३/१२/२५, जिल्ला पर्सा) **श्रीमती विदया देवी**का नाममा मालपोत कार्यालय बिरगंज, पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला बिरगंज उ.म.न.पा. वडा नं. १२ स्थित **कित्ता नं. १८५** को क्षेत्रफल **११८.५१ (व.मि.)** को घरजग्गा तथा सम्पूर्ण लिग लगापातहरु।

**२) ऋणीको विवरण**

श्री मिठा बहादुर मानन्धरको नाति, सुर्यनारायण मानन्धरको छोरा पर्सा जिल्ला, बिरगंज उ.म.न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ६२ को (ना.प्र.नं. १६०३१३७२२, जारी मिति २०३६/०३/०३, जिल्ला पर्सा) **श्री शुसिल कुमार मानन्धर....१** र श्री सुर्यनारायण मानन्धरकी बुहारी, बालकृष्ण मानन्धरकी छोरी, शुसिल कुमार मानन्धरकी पत्नी पर्सा जिल्ला, बिरगंज उ.म.न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ५९ की (ना.प्र.नं. १६०३१६८१०, जारी मिति २०४१/०५/१३, जिल्ला पर्सा) **श्रीमती संगीता कुमारी मानन्धर.....१** समेत जना दुई (२) .

**व्यक्तिगत तथा धितो जमानी दिनेको नाम, थर, ठेगाना**

१) श्री मिठा बहादुर मानन्धरको नाति, सुर्यनारायण मानन्धरको छोरा पर्सा जिल्ला, बिरगंज उ.म.न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ६२ को (ना.प्र.नं. १६०३१३७२२, जारी मिति २०३६/०३/०३, जिल्ला पर्सा) **श्री शुसिल कुमार मानन्धर ।**

**धितोमा रहेको सम्पत्तिहरुको विवरण**

१) श्री मिठा बहादुर मानन्धरको नाति, सुर्यनारायण मानन्धरको छोरा पर्सा जिल्ला, बिरगंज उ.म.न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ६२ को (ना.प्र.नं. १६०३१३७२२, जारी मिति २०३६/०३/०३, जिल्ला पर्सा) **श्री शुसिल कुमार मानन्धर**का नाममा मालपोत कार्यालय बिरगंज, पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला, बिरगंज उ.म.न.पा. वडा नं. ४ स्थित **कित्ता नं. ८ र १५६** को क्षेत्रफल क्रमशः **११४.२५ र ४.२७** (व.मि.) को ३/जग्गा तथा सम्पूर्ण लिग लगापातहरु।

**३) ऋणीको विवरण**

श्री सुर्यनारायण मानन्धरकी बुहारी, बालकृष्ण मानन्धरकी छोरी, शुसिल कुमार मानन्धरकी पत्नी पर्सा जिल्ला, बिरगंज उ.म.न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ५९ की (ना.प्र.नं. १६०३१६८१०, जारी मिति २०४१/०५/१३, जिल्ला पर्सा) **श्रीमती संगीता कुमारी मानन्धर ।**

**धितोमा रहेको सम्पत्तिहरुको विवरण**

१) श्री मिठा बहादुर मानन्धरको नाति, सुर्यनारायण मानन्धरको छोरा पर्सा जिल्ला, बिरगंज उ.म.न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ६२ को (ना.प्र.नं. १६०३१३७२२, जारी मिति २०३६/०३/०३, जिल्ला पर्सा) **श्री शुसिल कुमार मानन्धर**का नाममा मालपोत कार्यालय बिरगंज, पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला, बिरगंज उ.म.न.पा. वडा नं. ४ स्थित **कित्ता नं. ८ १ १५६** को क्षेत्रफल क्रमशः **११४.२५ र ४.२७** (व.मि.) को घरजग्गा तथा सम्पूर्ण लिग लगापातहरु।

**४) ऋणीको विवरण**

श्री रघुनन साहको नाति, पुनित साहको छोरा बारा जिल्ला, पचरौता न.पा. वडा नं. ९ (साबिक कुडवा गा.वि.स. वडा नं. ७) स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ५४ को (ना.प्र.नं. ९५८/०९९८७, जारी मिति २०४५/०१/२९, जिल्ला बारा) **श्री लाल बाबु प्रसाद ।**

**व्यक्तिगत जमानी दिनेहरुको नाम, थर, ठेगाना**

१) श्री पुनित साहकी बुहारी, चजरु सा कानुकी छोरी, लाल बाबु प्रसादकी पत्नी बारा जिल्ला, पचरौता न.पा. वडा नं. ९ (साबिक कुडवा गा.वि.स. वडा नं. ७) स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ५८ की (ना.प्र.नं १११६/५५७, जारी मिति २०४५/०२/१८, जिल्ला बारा) **श्रीमती तेतरी कुमारी ।**
२) श्री पुनित साहको नाति, लाल बाबु प्रसादको छोरा बारा जिल्ला, पचरौता न.पा. वडा नं. ९ (साबिक कुडवा गा.वि.स. वडा नं. ७) स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ३६ को (ना.प्र.नं. ३३१०३२/४८०७, जारी मिति २०६४/०९/३०, जिल्ला बारा) **श्री नरेन्द्र प्रसाद साह ।**
३) श्री पुनित साहको नाति, लाल बाबु प्रसादको छोरा बारा जिल्ला, पचरौता न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष २८ को (ना.प्र.नं. ३३-०१-७८-१३९९५, जारी मिति २०७८/१०/२४, जिल्ला बारा) **श्री राजेश प्रसाद साह ।**

**धितोमा रहेको सम्पत्तिहरुको विवरण**

१) श्री रघुनन साहको नाति, पुनित साहको छोरा बारा जिल्ला, पचरौता न.पा. वडा नं. ९ (साबिक कुडवा गा.वि.स. वडा नं. ७) स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ५४ को (ना.प्र.नं. ९५८/०९८७, जारी मिति २०४५/०१/२९, जिल्ला बारा) **श्री लाल बाबु प्रसादका** नाममा मालपोत कार्यालय कलैयामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला, कुडवा गा.वि.स. वडा नं. ७ स्थित **कित्ता नं. ३५ र ३८** को क्षेत्रफल क्रमश **०-५-० र ०-११-१०** (वि.क.धु) को जग्गा तथा सम्पूर्ण लिग लगापातहरु।

| सि.नं. | फोन लोन उपभोग गर्ने ऋणीहरुको विवरण |
|---|---|
| १ | श्री सरयुग साहको नाति, श्री दिप नारायण साहको छोरा सिराहा जिल्ला, सिराहा भेडीया गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ३० को (ना.प्र.नं. १५१०९७/१२८१४, जारी मिति २०६८/०३/१३, जिल्ला सिराहा) **श्री अजय कुमार साह ।** |
| २ | श्री नक्कु राउत यादवको नाति, श्री शिव नारायण राउतको छोरा पर्सा जिल्ला, लालपर्सा गा.वि.स. वडा नं. ३ स्थाई ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ४३ को (ना.प्र.न. ५३१११६६५, जारी मिति २०६१/०१/१८, जिल्ला पर्सा) **श्री भरत प्रसाद यादव ।** |
| ३ | श्री अखिलेश मण्डलको छोरा ग्राम-धूमटांड, पोस्ट- सिस्वा, भंगाहा, पश्चिमी चम्पारण, बिहार-८४५३०६, भारत स्थाई ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष २९ को (आधार कार्ड नं. ६०९१७६५९००६५, भारत सरकार) **श्री संतोष मंडल ।** |
| ४ | श्री सुदामा कुशवाहाको नाति, श्री मुक्ति नाथ कुशवाहाको छोरा सीसइ, देवरिया, पिपरा शुकुल, उत्तर प्रदेश-२७५४०१, भारत स्थाई ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ३१ को (आधार कार्ड नं. ७१५९८१२९२१२७, भारत सरकार) **श्री नरेन्द्र कुशवाहा ।** |
| **सि.नं.** | **क्रेडिट कार्ड उपभोग गर्ने ऋणीको विवरण** |
| १ | श्री भुलन दाश थारुको नाति, श्री रामवली प्रसाद थारुको छोरा पर्सा जिल्ला, सुपौली गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ४५ को (ना.प्र.नं. ९०६०१२६९, जारी मिति २०५७/०८/१९, जिल्ला पर्सा) **श्री शेखर प्रसाद दास ।** |

**शाखा कार्यालयः दुहवी, सुनसरी फोन नं.: ०२५-५४२६२८/६२५**

**१) ऋणीको विवरण**

श्री कन्त लाल चौधरीको नाति, राम प्रसाद चौधरीको छोरा, सुनसरी जिल्ला सोनापुर गा.वि.स. वडा नं. ८ घर भई हाल दुहवी न.पा. वडा नं. ९ बस्ने वर्ष ५३ को (ना.प्र.नं. १७५९/१२५, जारी मिति २०४५/०१/०७, जिल्ला सुनसरी) **श्री किरण कुमार चौधरी....१** र श्री नारायण सर्दारकी छोरी, राम प्रसाद चौधरीकी बुहारी, किरण कुमार चौधरीकी पत्नी सुनसरी जिल्ला, साबिक मधेली गा.वि.स. वडा नं. ६ घर भई हाल दुहवी न.पा. वडा नं. ९ बस्ने वर्ष ५५ की (ना.प्र.नं. २८५८/१४२६, जारी मिति २०४५/०२/२५, जिल्ला सुनसरी) **श्रीमती भगवती कुमारी सर्दार....१** समेत जना दुई (२) .

**व्यक्तिगत तथा धितो जमानी दिनेको नाम, थर, ठेगाना**

१) श्री टरु दास चौधरीको नाति, श्री कन्त लाल चौधरीको छोरा सुनसरी जिल्ला, सोनापुर गा.वि.स.वडा नं. ८ घर भई हाल दुहवी न.पा. वडा नं.९ बस्ने वर्ष ७२ को (ना.प्र.नं. १००१०/२६६९/१९९, जारी मिति २०३५/०९/११, जिल्ला सुनसरी) **श्री राम प्रसाद चौधरी ।**

**धितोमा रहेको सम्पत्तिको विवरण**

१) श्री टरु दास चौधरीको नाति, श्री कन्त लाल चौधरीको छोरा सुनसरी जिल्ला, सोनापुर गा.वि.स. वडा नं. ८ घर भई हाल दुहवी न.पा. वडा नं. ९ बस्ने वर्ष ७२ को (ना.प्र.नं. १००१०/२६६९/१९९, जारी मिति २०३५/०९/११, जिल्ला सुनसरी) **श्री राम प्रसाद चौधरी**का नाममा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, सोनापुर गा.वि.स.वडा नं. ८/ख हाल दुहवी न.पा. वडा नं. ९ स्थित **कित्ता नं. ५६९** को जम्मा **क्षेत्रफल ०-५-१४.२५-० (वि.क.धु.क.)** को जग्गा तथा सम्पूर्ण लिग लगापातहरु समेत।

**शाखा कार्यालयः जनकपुर फोन नं.: ०४१-५९०३६४**

| सि.नं. | फोन लोन (कर्जा) उपभोग गर्ने ऋणीको नाम, थर, ठेगाना |
|---|---|
| १. | श्री लक्ष्मी प्रसाद गुप्ताको नाति, महेन्द्र गुप्ताको छोरा वार्ड नं. ५, नई बस्ती टनकपुर पोस्ट, टनकपुर, चम्पावत, टनकपुर, उत्तराखंड, २६२३०९ बस्ने वर्ष ४० को आधार कार्ड नं. ३९७५५८०७४१५५ (पहचान.प्र.नं. NEL२९९०६३७ जारी गर्ने भारत निर्वाचन आयोग, जारी ई.स.: २०१२/१०/०९) **श्री राज गुप्ता ।** |

**१. ऋणीको विवरण**

श्री राम लखन साहु सुडीकी छोरी, गणेशी साहु सुडीकी बुहारी, धर्म देव महतोकी पत्नी धनुषा जिल्ला, नौवाखोर प्रसाही गा.वि.स. वडा नं. २ स्थायी ठेगना भई हाल धनुषा जिल्ला, हंसपुर न.पा. वडा नं. ७ बस्ने वर्ष ४५ को (ना.प्र.नं. ६२०४२४५४, जि.प्र.का. धनुषा, जारी मिति २०६२/०८/२९) **श्रीमती सुनिता महतो ।**

**व्यक्तिगत तथा संस्थागत जमानी दिनेहरुको नाम, थर, ठेगाना**

१) श्री जैलाल साहुको नाति, गणेशी साहु सुडीको छोरा धनुषा जिल्ला, नौवाखोर पर्साही गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, हंसपुर न.पा. वडा नं. ७ बस्ने वर्ष ५४ को (ना.प्र.नं. १२८३/६६०४१५८२, जि.प्र.का. धनुषा, जारी मिति २०४४/११/०६) **श्री धर्मदेव महतो ।**
२) नेपाल सरकार, सहकारी बिभाग जिल्ला सहकारी कार्यालय धनुषामा सहकारी ऐन, २०४८ अन्तर्गत मिति २०७३/०३/१० मा द.नं. १७२४/०७२/०७३ मा दर्ता भई आन्तरिक राजश्व कार्यालय धनुषा मिति २०७३/०३/१९ मा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र नं. ६०४८०४१२५ को प्रमाणपत्र प्राप्त धनुषा जिल्ला नौवाखोर पर्साही गा.वि.स. वडा नं. ७ स्थित **श्री सक्षम सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लि. ।**

**शाखा कार्यालयः बागलुङ फोन नं. ०६८-५२२१८५/५२२१८६ ।**

**१) ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग अन्तर्गत घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय बागलुङमा मिति २०७३/०७/०७ मा दर्ता नं. २५६३/०७३/०७४ तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, पोखरा तथा करदाता सेवा कार्यालय बाग्लुङमा मिति २०७३/०७/०८ मा स्थायी लेखा नम्बर ६०५२२७३३४ कायम भएको **शुभम ग्यास पसल ।**
**ठेगाना :** बागलुङ नगरपालिका वडा नं. २, बागलुङ।
**प्रोप्राईटर :** शंकरमान शाक्यको नाति, नर बहादुर शाक्यको छोरा बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. २, रुद्रेपिपल बस्ने वर्ष ४८ को (ना.प्र.नं. ३१३९/ना.३५, जारी मिति २०५५/१०/२८, जि.प्र.का. बागलुङ) **श्री सुरज शाक्य ।**

**व्यक्तिगत जमानी दिनेहरुको नाम, थर, ठेगाना**

१) नर बहादुर शाक्यकी बुहारी, सुरज शाक्यकी पत्नी बागलुङ जिल्ला, बागलुङ न.पा. वडा नं. २ बस्ने वर्ष ४४ की (ना.प्र.नं. ३२२३, जारी मिति २०५५/१२/३०, जि.प्र.का. बागलुङ) **श्रीमती सकुन्तला शाक्य ।**
२) क्षेत्र प्रसादकी बुहारी, झिल्लु प्रसाद भण्डेलकी पत्नी बागलुङ जिल्ला, हटिया गा.वि.स. वडा नं. ३ परिवर्तित ठेगाना गल्कोट न.पा. वडा नं. ३, बस्ने वर्ष ७४ की (ना.प्र.नं. १९४५/२८३३, जारी मिति २०४४/११/११, जि.प्र.का. बागलुङ) **श्रीमती सुकुन्दरी भण्डेल ।**

**धितोमा रहेको सम्पत्तिको विवरण**

१) गौरीमानको नाति, शंकरमानको छोरा बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. २, स्थायी ठेगाना भएको (ना.प्र.नं. २४३३, जारी मिति २०३८/१२/२५, जि.प्र.का. बागलुङ) **नर बहादुर शाक्य**का नाममा रहेको बाग्लुङ जिल्ला, कालिका गा.वि.स. वडा नं. २ स्थित **कित्ता नं. ७०४** को जम्मा **क्षेत्रफल ०-०-३-२ (रो-आ-पै-दा)** को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु।
२) ऋणी फर्म शुभम ग्यास पसलको नाममा रहेको सम्पूर्ण सामान को मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति।

**शाखा कार्यालयः बाँसगढी, बर्दिया फोन नः ०८४-४००१६९ ।**

**१) ऋणीको विवरण**

श्री दयाराम शर्माको नाति, चित्र बहादुर हमालको छोरा बर्दिया जिल्ला, बेलवा गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, बाँसगढी न.पा. वडा नं. २ बस्ने वर्ष ३६ को (ना.प्र.नं. ६५३०१४-१५७६, जारी मिति २०६२/११/०९, जि.प्र.का. बर्दिया) **प्रेम बहादुर हमाल...१** र जय बहादुर चन्द ठकुरीकी छोरी, दयाराम शर्माकी बुहारी, चित्र बहादुर हमालकी पत्नी बर्दिया जिल्ला, बेलवा गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, बाँसगढी न.पा. वडा नं. २ बस्ने वर्ष ५४ को (ना.प्र.न.१९८०, जारी मिति २०४४/१२/२२, जि.प्र.का. बर्दिया) **पर्वत कुमारी हमाल....१** समेत जना दुई (२)।

**धितोमा रहेको सम्पत्तिको विवरण**

१) जय बहादुर चन्द ठकुरीकी छोरी, दयाराम शर्माकी बुहारी, चित्र बहादुर हमालकी पत्नी बर्दिया जिल्ला, बेलवा गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, बाँसगढी न.पा. वडा नं. २ बस्ने वर्ष ५४ को (ना.प्र.नं. १९८०, जारी मिति २०४४/१२/२२, जि.प्र.का. बर्दिया) **पर्वत कुमारी हमाल**को नाममा मालपोत कार्यालय, गुलरिया बर्दियामा दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला, बेलवा गा.वि.स. वडा नं. ७ च स्थित **कित्ता नं. १३९** को जम्मा **क्षेत्रफल ०-४-०.५ (बि-क-धु)** र **१४१** को जम्मा क्षेत्रफल **०-८-७.५ (बि-क-धु)** को जग्गा लगायत सम्पूर्ण लिग लगापातहरु समेत।

**शाखा कार्यालयः धादिङ फोन नः ०१०-५२०६३१ ।**

**ऋणीहरुको विवरण**

१) पदम नारायण श्रेष्ठको नाति, जित नारायण श्रेष्ठको छोरा धादिङ्ग जिल्ला, फुलखर्क गा.वि.स. वडा नं. ५ (हाल धादिङ्ग जिल्ला, गंगाजमुना गा.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल धादिङ्ग जिल्ला, निलकण्ठ न.पा. वडा नं. ४ बस्ने वर्ष ४५ को (ना.प्र.नं. १५४८३, जिल्ला धादिङ्ग, जारी मिति २०५३/०५/०३) **श्री कृष्ण नारायण श्रेष्ठ....१** र पदम नारायण श्रेष्ठको नाति, जित नारायण श्रेष्ठको छोरा धादिङ्ग जिल्ला, फुलखर्क गा.वि.स. वडा नं. ५ (हाल धादिङ्ग जिल्ला, गंगाजमुना गा.पा. वडा नं ३ स्थायी ठेगाना भई हाल धादिङ्ग जिल्ला, निलकण्ठ न.पा. वडा नं. ४ बस्ने वर्ष २६ को (ना.प्र.नं. २६-०१-७३-००३११, जिल्ला धादिङ्ग, जारी मिति २०७३/०१/१०) **श्री दिपेन श्रेष्ठ....१** समेत जना दुई (२)।
२) पदम नारायण श्रेष्ठको नाति, जित नारायण श्रेष्ठको छोरा धादिङ्ग जिल्ला, फुलखर्क गा.वि.स. वडा नं. ५ (हाल धादिङ्ग जिल्ला, गंगाजमुना गा.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल धादिङ्ग जिल्ला, निलकण्ठ न.पा. वडा नं. ४ बस्ने वर्ष ४५ को (ना.प्र.नं. १५४८३, जिल्ला धादिङ्ग, जारी मिति २०५३/०५/०३) **श्री कृष्ण नारायण श्रेष्ठ....१** र जित नारायण श्रेष्ठकी बुहारी, ग्याप्चा तामाङ्की छोरी, कृष्ण नारायण श्रेष्ठकी पत्नी धादिङ्ग जिल्ला, फुलखर्क गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल धादिङ्ग जिल्ला, निलकण्ठ न.पा. वडा नं. ४ बस्ने वर्ष ३२ की (ना.प्र.नं.२६-०१-७३-०७७८९, जिल्ला धादिङ्ग, जारी मिति २०७३/०७/१९) **श्रीमती रुपा श्रेष्ठ....१** समेत जना दुई (२)।
३) पदम नारायण श्रेष्ठको नाति, जित नारायण श्रेष्ठको छोरा धादिङ्ग जिल्ला, फुलखर्क गा.वि.स. वडा नं. ५ (हाल धादिङ्ग जिल्ला, गंगाजमुना गा.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल धादिङ्ग जिल्ला, निलकण्ठ न.पा. वडा नं. ४ बस्ने वर्ष ४५ को (ना.प्र.नं. १५४८३, जिल्ला धादिङ्ग, जारी मिति २०५३/०५/०३) **श्री कृष्ण नारायण श्रेष्ठ ।**

**व्यक्तिगत जमानी दिनेको नाम, थर, ठेगाना**

*(माथी उल्लेखित एकै समूह अन्तर्गतका ऋणीहरुले उपभोग गरेको ऋण कर्जामा व्यक्तिगत जमानी दिने)*
१) जित नारायण श्रेष्ठकी बुहारी, ग्याप्चा तामाङ्की छोरी, कृष्ण नारायण श्रेष्ठकी पत्नी धादिङ्ग जिल्ला, फुलखर्क गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, निलकण्ठ न.पा. वडा नं. ४ बस्ने वर्ष ३२ की (ना.प्र.नं. २६-०१-७३-०७७८९, जिल्ला धादिङ्ग, जारी मिति २०७३/०७/१९) **श्रीमती रुपा श्रेष्ठ ।**

**धितोमा रहेको सम्पत्तिहरुको विवरण**

१) पदम नारायण श्रेष्ठको नाति, जित नारायण श्रेष्ठको छोरा धादिङ्ग जिल्ला, फुलखर्क गा.वि.स. वडा नं. ५ (हाल धादिङ्ग जिल्ला, गंगाजमुना गा.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल धादिङ्ग जिल्ला, निलकण्ठ न.पा. वडा नं. ४ बस्ने वर्ष ४५ को (ना.प्र.नं १५४८३, जिल्ला धादिङ्ग, जारी मिति २०५३/०५/०३) **श्री कृष्ण नारायण श्रेष्ठ**का एकलौटी नाममा दर्ता कायम रहेको धादिङ्ग जिल्ला, निलकण्ठ गा.वि.स. वडा नं. २ च (हाल धादिङ्ग जिल्ला, निलकण्ठ न.पा. वडा नं. ४) स्थित **कित्ता नं. ८१८ को क्षेत्रफल ०-५-०-१ (रो.आ.पै.दा)** र **कित्ता नं. ८३२ को क्षेत्रफल ०-२-०-० (रो.आ.पै.दा)** को घर/जग्गा लगायत सम्पूर्ण लिग लगापातहरु।

**एभरेष्ट बैंक लिमिटेड**
**EVEREST BANK LIMITED**
(A joint-Venture with punjab national bank, India)

प्रधान कार्यालय
लाजिम्पाट, काठमाण्डौ
फोन नं.: ०१-४५४३३७७

# 'नीलो प्रेम' लिएर आए पुरुषोत्तम



**मध्यान्ह संवाददाता**
काठमाडौं, २० चैत ।

पुरुषोत्तम बजगाईं आफ्नो पहिलो कृति 'नीलो प्रेम' उपन्यास लिएर आएका छन् । काठमाडौंमा बुधबार उक्त कृतिको विमोचन गरिएको छ । स्रष्टा, समालोचक प्रा. डा. कृष्णहरि बराल, राजुबाबु श्रेष्ठ, घनेन्द्र ओझा, विश्व कीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठ, लेखकका बुबा पं. उद्धव बजगाईं, लेखककी जीवनसाथी सुजाता चम्लागाईंलगायतले कृति विमोचन गरेका थिए ।

